का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १८९
❒ ८ भदौं २०७८, मंगलबार
❒ 24 August 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



*भक्तपुरमा गाइजात्रा मनाइँदै । नेवार समुदायले आफ्ना दीवङ्गत पितृका स्मरणमा जनैपूर्णिमाको भोलिपल्ट गाइजात्रा निकाल्ने चलन छ । तस्वीरः प्रदीपराज वन्त*

# प्रतिपक्षी आक्रोश

प्रतिनिधिसभा पुनर्स्थापना सँगै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त भएपछि प्रमुख विपक्षी दल बनेको नेकपा एमाले सत्तारुढ गठबन्धनप्रति सशक्त प्रतिवादमा उत्रिएको छ ।

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल छोडेका नौ नेताहरुसँग आफ्नै निवासमा सोमबार चार घण्टा बढी छलफल गरे । छलफलका क्रममा बाँकी रहेको पार्टी एकता जोगाउन दश बुँदे सहमति कार्यान्वयन गर्ने सैद्धान्तिक सहमति जुटेको छ । उक्त सहमति पछि मंगलबार स्थायी कमिटी बैठक बोलाइएको छ ।

तर माधव नेपाल छोडेका नेताहरुसँग बसेका ओलीको आक्रोश भने सत्तारुढ गठबन्धन प्रति थियो । विशेषगरी सभामुख अग्निप्रसाद सापकोटा विरुद्ध आक्रोशित बनेको एक नेताले बताए । माधवकुमार नेपाल सहित १४ जनालाई गरिएको कारबाही फिर्ता लिनुपर्ने प्रस्ताव आउँदा अध्यक्ष ओलीले सभामुखको प्रशंग निकालेका थिए ।

सभामुख सापकोटा विरुद्ध यसैपनि ओली र उनी निकट नेताहरु आक्रोशित बन्दै आएका छन् । २ भदौमा सभामुखको कार्यकक्षमै पुगेर एमाले सांसदहरुले सापकोटा प्रति चर्को आक्रोश पोखेका थिए । उक्त आक्रोश प्रति आपत्ति जनाउँदै सोमबार मात्रै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने नेपाली काँग्रेस, नेकपा( माओवादी केन्द्र) लगायतका दलले सभामुख अग्निप्रसाद सापकोटामाथि नेकपा(एमाले) का सांसदहरुले आपत्ति जनाएका छन् । भदौ ३ र ४ गते सभामुखको कार्यकक्षामा देखाएको व्यवहारको सत्तारुढ गठबन्धनका नेताहरुले निन्दा जनाएका छन् ।

ती दलका तर्फबाट सोमबार जारी गरिएको संयुक्त विज्ञप्तिमा सभामुखको कार्यकक्षमा प्रमुख प्रतिपक्षी दल एमालेका सांसदले सभामुखलाई लक्षित गरी दिएको संसदीय



मर्यादाविपरीत बल प्रयोग जस्ता धम्कीपूर्ण अभिव्यक्ति र सोही दिन प्रमुख विपक्षी दलका नेताले सार्वजनिक रुपमा सञ्चारमाध्यमममा दिएको धम्कीमूलक अभिव्यक्तिप्रति आफूहरुको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

नेपालको संवैधानिक व्यवस्थाअनुसार सभामुख पद व्यवस्थापिकाको प्रमुख हुनाका साथै संघीय संसद्को संरक्षक पनि भएको जनाउँदै संयुक्त विज्ञप्तिमा सभामुखविरुद्धका धम्कीपूर्ण अभिव्यक्ति वर्तमान संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रणालीविरुद्धका हुन् भनिएको छ । संवैधानिक व्यवस्थाको रक्षा गर्नु सबै सांसदको दायित्व रहेको उल्लेख गर्दै विज्ञप्तिमा सभामुखविरुद्ध दिइएको धम्कीपूर्ण अभिव्यक्तिप्रति घोर आपत्ति प्रकट गर्दै संवैधानिक मर्यादाको अवलम्बन गर्न आग्रह गरिएको छ ।

यसरी संयुक्त विज्ञप्ति जारी गर्नेमा काँग्रेसका सचेतक पुष्पा भुसाल, माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ, जनता समाजवादीका सांसद प्रदीप यादव, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेल र प्रतिनिधिसभा सदस्य जीवनराम श्रेष्ठ छन् ।

एमालेले पार्टीले कारवाही गरेका १४ सांसदलाई कारवाही नगरेको भन्दै अर्को आपत्ति जनाउँदै आएको छ । सभामुखले अरु दलका सांसदलाई तत्काल कारवाही गरेको भए पनि एमालेकालाई जोगाएको भन्दै आपत्ति जनाइएको थियो ।

सोही क्रममा केही सांसदले अर्मादित व्यवहार गरेको सभामुखको सचिवालयले जनाएको थियो ।

एमालेले सरकार र सत्तारुढ प्रति संघमा मात्रै नभएर प्रदेशमा पनि चर्को आक्रोश व्यक्त गरिरहेको छ । सोमबार लुम्बिनी प्रदेशमा एमालेले कारबाही गरेका दुई जना सदस्य पदमुक्त नगरेको भन्दै चर्को विरोध जनाएका छन् । प्रदेशसभा बैठक सूचना नदिँदासम्म चल्न नदिने चेतावनी दिएको थियो ।

सभामुख पूर्णबहादुर घर्तीलाई भेटेर माग पूरा नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने माग दोऱ्याएको हो । सभामुखले पठाएको पत्रको प्रतिक्रियास्वरुप फेरि अर्को पत्र बुझाएको एमाले लुम्बिनीका प्रमुख सचेतक भूमिश्वर ढकालले बताए । सभामुखले पठाएको पत्र आचरणविपरीत छ भनेर ध्यानाकर्षण गराउन फेरि पत्र बुझाएको र दुई सदस्यलाई कारवाही गर्नुपर्ने अडान यथावत् राखेको उनले बताए ।

तर माओवादी केन्द्रका नेता कुलप्रसाद केसीले सोमबार नै मुख्यमन्त्रीमा विश्वासको मत पाएका छन् । उनलाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाका सांसदहरुले विश्वासको मत दिए । ८० सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री केसीलाई ४२ सांसदले विश्वासको मत दिए ।

# माधव नेपाल बिनाको एमाले



"नयाँ दल दर्ता गराएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल निकट मानिने प्रभावशाली नौ नेतासँग दश बुँदे सहमति कार्यान्वयन गर्न तयार भएर अध्यक्ष केपी शर्मा ओलीले पार्टी विभाजनको वैधानिकता दिने संकेत दिएका छन् । किनकि दश बुँदे मार्फत् एकताको अडान लिएका नेताहरु साथमा लिएपछि एमालेमा माधव नेपाल भने तत्काल रहनेछैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दश बुँदे सहमति कार्यान्वयन गर्न तयार भएका छन् । नयाँ दल दर्ता गराएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई साथ नदिएका नौ नेतासँग अध्यक्ष ओलीले दश बुँदे सहमति कार्यान्वयन गर्न तयार रहेको प्रतिबद्धता गरेका हुन् । अध्यक्ष ओलीले आफ्नै निवास बालकोटमा माधव समूहमा रहँदै आएका उपाध्यक्षहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, उपमहासचिव घनश्याम भूसाल, सचिवहरु गोकर्ण बिष्ट, भीम आचार्य, योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु सुरेन्द्र पाण्डे र रघुजी पन्तसँग सोमबार चार घण्टा बढी छलफल गरेका थिए ।

अध्यक्ष ओलीसँगै महासचिव ईश्वर पोखरेल थिए । बीचमा सचिव प्रदीपकुमार ज्ञवाली पनि छिरेका थिए । यी नेताहरु बीच दश बुँदे सहमति कार्यान्वयन गर्ने सैद्धान्तिक सहमति जुटेको एक नेताले बताए । "दश बुँदे कार्यान्वयन गर्ने सैद्धान्तिक बाँकी पृष्ठ २ मा



"माधव नेपालले अलग पार्टी नै बनाइसक्नु भयो । अब एमाले रहनुभएन । अहिले एमालेभित्र सहमति भएको हो

● **सुवास नेम्वाङ**
उपनेता, एमाले संसदीय दल



"सर्वोच्च अदालतको फैसला अनुसार, अब एमाले २ जेठ २०७५ अगाडिको अवस्थामा फर्कन्छ । यो बीचमा भएका सबै गतिविधि स्वतः खारेज हुन्छ ।

● **युवराज ज्ञवाली**
उपाध्यक्ष, नेकपा एमाले

# व्यवहार बिग्रिएपछि एउटा एजेण्ट परिवारको दु:खद अन्त्य !

**देवेन्द्र आलोक/मध्यान्ह**
झापा, ७ भदौ

गैरकानूनीरुपमा गरिने वैदशिक रोजगारको धन्दा (एजेन्ट)को व्यवहार बिग्रिँदा झापामा सिंगो परिवारले नै आत्महत्याको बाटो रोजेर सखाप भएको छ । वैदेशिक रोजगारको एजेन्टको धन्दामा संलग्न झापा कनकाई नगरपालिका-१ का रविन विश्वकर्माले वैदेशिक रोजगारमा पठाउने व्यवहार बिग्रेपछि आफ्नी २९ वर्षीय श्रीमती र ८ महिनाकी छोरीसहित झुण्डिएर आत्महत्या गरेको प्रहरीले बताएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाका अनुसार म्यानपावर एजेन्ट विश्वकर्माले विदेश पठाइदिन्छु भनी स्थानीय र मोरङका धेरै जनासँग रकम लिएको तर विदेश पठाउन



आफै पनि वैदेशिक रोजगारीमा जाने योजनामा रहेका विश्वकर्मा काठमाडौं आई कोरोना भाइरसको पीसीआर गर्दा पोजेटिभ देखिएपछि विदेश जान नपाएर झापा फर्किएका थिए । फर्केपछि विदेश जान उनलाई रकम दिएकाहरुले तत्काल विदेश पठाइदिन वा रकम फिर्ता गर्न दबाब दिएका थिए । सोही दबाबको तनाव झेल्न नसकी विश्वकर्माले सपरिवार आत्महत्याको बाटो अंगालेको बताइएको छ ।

सरकारले करिब तीन वर्षअघि नै एजेन्टको प्रावधान हटाएपनि वैदेशिक रोजगारमा कामदार पठाउने काममा गोप्यरुपमा लागेका हालपनि ठूलो संख्याका एजेन्टहरु क्रियाशील रहेको विश्वकर्माको आत्महत्या प्रकरणले देखाएको स्थानीय रमेश मैनालीले मध्यान्हलाई बताए । 'स्थानीय प्रशासनले पनि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### यूएईको आवासीय भिसा ९ नोभेम्बरसम्म

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ भदौ

यूएईले आफ्नो मुलुकको आवासीय भिसा भएका नेपालसहित ६ देशका नागरिकको भिसा आगामी नोभेम्बरसम्म थप गरेको छ । यूएईको आवासीय तथा वैदशिक मामिला सम्बन्धी महानिर्देशकको कार्यालयलाई उद्धृत गर्दै फ्लाई दुवईले यूएईको आवासीय भिसा भएका भारत, पाकिस्तान, नेपाल, श्रीलंका, नाइजेरिया तथा युगाण्डाका नागरिकहरुको भिसा अवधि ११ नोभेम्वर २०२१ सम्म रहने बताएको छ ।

यो निर्णयले २० अप्रिल २०२१ देखि ९ नोभेम्वर बाँकी पृष्ठ २ मा

### अफगानिस्तानमा रहेकालाई सम्पर्कमा आउन आग्रह

**रविन विश्वकर्मा/मध्यान्ह**
रुकुम पूर्व, ७ भदौ

जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वले अफगानिस्तानमा रहेका नागरिकलाई सम्पर्कमा आउन आग्रह गरेको छ । प्रशासनले भदौं ४ गते एक सुचना जारी गर्दै कामको सिलसिलामा अफगानिस्तान पुगेका जिल्लाका नागरिकलाई एक हप्ताभित्र सम्पर्कमा आउन अनुरोध गरेको हो ।

नेपाली नागरिकको सुरक्षित उद्धार गर्ने नेपाल सरकारको निर्णय अनुसार रुकुम पूर्व घर भई अफगानिस्तान पुगेका नागरिकलाई नेपाल फिर्ता हुन चाहेमा परिवार मार्फत छिट्टै सम्पर्क बाँकी पृष्ठ २ मा

# चौथाइवालेको दौडधुप

**काठमाडौं/मस-** सत्तारुढ भारतीय जनता पार्टी (विजेपी) का विदेश विभाग प्रमुख विजय चौथाइवालेले नेपालमा महत्वपूर्ण भेटवार्ता गरेका छन् । अकस्मात् नेपाल आएका चौथाइवालेले आइतबार साँझ नै प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका थिए । भेटवार्ता पछि सामाजिक सञ्जालमा तस्वीर राख्दै उनले भेटवार्तामा बिजेजी र नेपाली काँग्रेसको सम्बन्ध अझ बलियो बनेको विश्वास गरेका थिए ।

तर उनले थप केही खुलाएका छैनन् । भेटवार्तामा भएका कुराकानी पनि सार्वजनिक गरिएको छैन । प्रधानमन्त्री देउवाले पनि भेटवार्तामा भएको सम्वाद भन्दा पनि दुई पार्टी बीचको सम्बन्धबारे उल्लेख गरेका छन् ।

चौथावाइलेले सोमबार पनि महत्वपूर्ण भेटवार्ता जारी राखे । उनले प्रमुख विपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सोमबार भेटेका थिए । अध्यक्ष ओलीलाई भेट्न उनकै निवास बालकोटमा पुगेका थिए । भेटमा नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धबारे छलफल भएको अध्यक्ष ओलीको सचिवालयले जनाएको छ।

पूर्वप्रधानमन्त्री एवम् विपक्षी दलका नेता ओली पछि चौथाबाइलेले सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग पनि भेटेका छन् । बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

१ डकुमेन्टेशन– २ जना
(साउदीको मोफा तान्न सक्ने कम्तीमा ३ वर्ष काम गरेको)

२ रिसेप्सनिष्ट– २ जना
(अंग्रेजी बोल्न र लेख्न सक्ने साथै +२ पास गरेको हुनुपर्ने छ ।)

तलबः आपसी सहमतीमा ।

**न्यू लाइट इन्टरनेशनल प्रा.लि.**
ठेगानाः सामाखुसी, टाउन प्लानीङ्ग, काठमाडौं ।
मो.नं.: ९८५१०४५६५३, ९८०१०४५६५३, ९८४१०७१७८६

# नागरिकको अधिकार र जीवन रक्षा सरकारको पहिलो प्राथमिकता : गृहमन्त्री

**काठमाडौं/मस–** गृहमन्त्री बालकृष्ण खाँणले नागरिकको अधिकार र जीवन रक्षा सरकारको पहिलो प्राथमिकता रहेको बताएका छन् ।

मन्त्रालयले सोमबार आयोजना गरेको 'गृह प्रशासन सुदृढीकरण सम्बन्धमा पूर्वपदाधिकारीसँग अन्तरक्रिया कार्यक्रम' मा मन्त्री खाँणले सरकार नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन गम्भीर रहेको बताए । उनले भने, 'नागरिकको सुरक्षामा सरकार गम्भीर छ । सरकारको पहिलो प्राथमिकता नागरिकको सुरक्षा हो ।'



उनले राज्य र नागरिकको सुरक्षामा कुनै पनि 'कम्प्रोमाइज' नगर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका उच्चपदस्थ अधिकारीलाई आग्रह समेत गरे । उनले नेपाली भूमिमा नेपाल राष्ट्र र नेपाली नागरिक विरोधी तथा कुनै पनि मित्रराष्ट विरोधी गतिविधि हुन नदिन सरकार दृढ रहेको रहेको बताए । उनले भने, 'हामीले संयुक्त राष्ट्रसंघको वडापत्रमा हस्ताक्षर गरेका छौं । तसर्थ हामी नेपाल भूमिभित्र र नेपाल राज्य, नेपाली जनता र कुनै पनि मित्रराष्ट्र विरोधी गतिविधि हुन नदिन प्रतिबद्ध छौँ । यो सरकारको स्पष्ट धारणा हो ।'

सो विषयमा सुरक्षा निकायका प्रमुखलाई गम्भीर भएर लाग्न निर्देशन दिँदै उनले पछि आफूलाई जानकारी थिएन भनेर पन्छिन नपाइने बताए । त्यसतर्फ सतर्क रहन उनले आग्रह गरे । उनले सामूहिक जवाफदेहिता र सामूहिक जिम्मेवारीको अवधारणामा काम गर्न गृह प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिए ।

खाँणले कोभिड-१९ महामारीबाट नागरिकलाई बचाउन आफ्नो जीवनको प्रवाह नगरी जोखिम मोलेर काममा खटिएका सुरक्षाकर्मी र कर्मचारीलाई प्रोत्साहन गर्न आफू तयार रहेको बताए । उनले महामारीबाट आफू कसरी बच्ने भन्ने ध्यान नदिई नागरिकलाई कसरी बचाउने भनेर अग्रपङ्क्तिमा खटिने सुरक्षाकर्मीलाई प्रोत्साहन गर्न बजेट बढाउन पहल गर्न पूर्वप्रशासक, गृह प्रशासन र सुरक्षा निकायका प्रमुखलाई आग्रह गरे । त्यसका लागि प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री जनार्दन शर्मासँग कुरा गर्ने उनको भनाइ थियो । 'तपाईंहरूले पहल गर्नुस्, म सम्माननीय प्रधानमन्त्री र अर्थमन्त्रीज्यूसँग कुरा गर्छु । मलाई विश्वास छ, प्रधानमन्त्रीज्यू र अर्थमन्त्रीज्यू पूर्वगृहमन्त्री भएकाले यो विषयलाई गम्भीररूपमा लिएर कार्यान्वयन गर्न तदारुकता देखाउनुहुनेछ ।'

आफू कमाण्ड कन्ट्रोलमा विश्वास गर्ने व्यक्ति भएकाले त्यसैअनुरुप काम गर्ने उनको भनाइ छ । गृहमन्त्री खाँणले पूर्वप्रशासकहरूले अनुभवका आधारमा दिएका सुझावलाई आत्मसात् गरेर सबल र सक्षम गृह प्रशासन बनाउन आफू तयार रहेको बताए । त्यही अनुभवलाई समिश्रण गरेर अगाडि बढ्नका लागि छलफलको आयोजना गरिएको उनको भनाइ थियो ।

## मानवबाट गैरमानव र गैरमानवबाट मानवमा संक्रमण हुने खतरा

**काठमाडौं/मस–** मानवबाट गैरमानव र गैरमानवबाट मानवमा कोरोना संक्रमण हुने सम्भाबनाबारे एक कार्यक्रमका सहभागीहरुले चिन्ता व्यक्त गरेका छन् ।

वाशिंटन विश्वविद्यालयसंगको सहकार्यमा नेपाल इन्जिनियरिङ कलेज एमएससी प्राकृतिक संशाधन व्यवस्थापन कार्यक्रम (एमएसी एनआरएम) ले 'बुश टु बेन्च टु बेड : द क्रिटिकल रोल अफ फिल्ड रिसर्च इन बायोडाइवर्सिटी कन्जर्भेसन एण्ड ट्रान्सलेशनल साइन्समा भएको वेभिनारमा सहभागी उनीहरुले मानवबाट गैर-मानव र गैर-मानवबाट मानवमा संक्रमण हुनसक्ने सम्भावना भएका जुनोटिक रोगहरूकोबारेमा चर्चा गरे । वेविनारका मुख्य प्रस्तुतकर्ता प्राध्यापक डा.राण्डल सी कायसले जैविक विविधताको स्थिति पत्ता लगाउन दीर्घकालीन निगरानी धेरै महत्वपूर्ण रहेको बताए । उनले विभिन्न देशहरूमा आफ्नो अनुसन्धान अनुभव प्रस्तुत गरेका थिए । वेबिनार डा.नारायणप्रसाद कोजूको समन्वयमा सम्पन्न गरिएको थियो । वेबिनारमा विभिन्न कलेजहरुबाट स्नातक तथा स्नातकोत्तर विद्यार्थीहरूले भाग लिएका थिए । एनईसी सीपीएसले जैविक विविधता संरक्षण र प्राकृतिक संसाधन प्रबर्द्धनको विभिन्न विषयहरूमा नियमित रूपमा वेविनार श्रृंखलाको आयोजन गरिरहेको छ ।

## अमेरिकाबाट मेलम्ची बाढी प्रभावितलाई सहयोग

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ७ भदौ

अमेरिकामा बस्ने नेपालीहरुले मेलम्ची बाढी प्रभावितलाई सहयोग गरेका छन् । मेलम्ची ११का सञ्जिव दुलालको पहलमा अमेरिकामा बसोबास गर्नेहरुले नेपालीहरुले मेलम्ची बाढी प्रभावितलाई रकम संकलन गरेर पठाएका हुन् ।

मेलम्ची पुनर्निर्माण तथा सरोकार समितिलाई २ लाख रुपैयाँ र रेडियो मेलम्चीको लागि १० हजार रुपैयाँ सोमबार हस्तान्तरण गरिएको हो । सो रकम सञ्जिव दुलालका हजुरबुबा दोम प्रसाद दुलालले मेलम्ची पुनर्निर्माण तथा सरोकार समितिका संयोजक महाविर श्रेष्ठ र रेडियो मेलम्चीका दिपिन ढुंगानालाई हस्तान्तरण गरेका हुन् । मेलम्ची पुनर्निर्माण तथा सरोकार समितिले बाढीपछि बस्ती जोगाउन र पुरानै अवस्थामा फर्काउन निरन्तर काम गरिरहेकाले केही सहयोग होस् भनेर रकम हस्तान्तरण गरिएको दुलालका दाइ सीपी दुलालले मध्यान्हलाई जानकारी दिए ।

## हाम्रो लिखु बहुउदेश्यीय सहकारीको साधारणसभा सम्पन्न

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, ७ भदौ

नुवाकोटको लिखु गाउँपालिकामा रहेको हाम्रो लिखु बहुउद्देश्यीय सहकारी संस्थाको प्रथम साधारणसभा सम्पन्न भएको छ । सहकारीको साधारणसभा कार्यक्रममा लिखु गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष नरहरी पाण्डेले पालिका गठनसँगै गठन भएको पहिलो सहकारीको रुपमा रहेको सहकारीले छोटो समयमा राम्रो प्रगति गरेको बताए ।

'नियममा बाँधिएर काम गर्दा नै संस्थालाई सफलता मिल्छ', उनले भने पछिल्लो समयमा लिखु गाउँपालिका क्षेत्रभित्रका कतिपय सहकारीले गुणात्मक काम गरेका छैनन् । बचत तथा ऋण कारोबार गरेर मात्र सफल हुँदैन । जनतालाई आर्थिकोपार्जनमा जोड्ने काम सहकारीको हो । लिखु गाउँपालिका प्रवक्ता समेत रहेका वडाध्यक्ष पाण्डेले संख्यात्मक भन्दापनि गुणात्मक गतिविधि गर्न सुझाव दिए । गाउँपालिकाभित्र १ दर्जन भन्दा बढि सहकारी छन्, भने केही सहकारी व्यक्तिको झोलामा सिमित रहेको छ।, उनले भने केही सहकारी खारेज हुने अवस्थामा छन् ।

सहकारीमा आबद्ध हुने शेयर सदस्यलाई व्यावसायिक बनाउने काम सहकारीको हो । सहकारीका सल्लाहकार एवं लुम्बिनी विकास बैंक ढिकुरे शाखाका प्रबन्धक सूर्यकुमार पण्डितले सहकारी उत्पादनमूखिभन्दा पनि सेवामूखी हुनुपर्ने बताए ।

सहकारीको भीडमा जन्मिएको बहुउद्देश्यीय सहकारीले सदस्यको जीवनमा प्रत्यक्ष फाइदा हुने पृथक खालका कार्यक्रम गर्न उनले सुझाव दिए । सहकारीका अध्यक्ष रामप्रसाद लामिछानेले गत आर्थिक वर्ष ०७७/७८ मा सहकारीले गरेको उपलब्धि, भावी योजना, सम्भावना र भविष्यमा आउन सक्ने चुनौतीलगायतका कार्यक्रम प्रस्तुत गरेका थिए । सहकारीले १ करोड १ लाख ५३ हजार ९०० सेयर पूँजीबाट बढाएर २०७८ असारमसान्तसम्म २ करोड ६५ लाख ६२ हजार ५ सय बचत संकलन गरेर सेवाग्राही सेवा दिईआएको सहकारीका कोषाध्यक्ष निर्मला राईले बताए ।

कार्यक्रममा सहकारीका १०१ शेयर सदस्यहरुमध्ये उत्कृष्ट बचतकर्तामा कोपिला श्रेष्ठ र उत्कृष्ट ऋणीमा सिता तामाङलाई सम्मान गरिएको सहकारीका शेयर सदस्य रामप्रसाद लामिछानेले जानकारी दिए ।

## पत्रकारलाई फसाउन रौतहट प्रहरी प्रमुख नै संलग्न

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ७ भदौ

पत्रकारलाई मोटरसाइकलमा लागुऔषध राखेर फसाउने कार्यमा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुखकै संलग्नता देखिएको छ ।

साउन ३२ गते आफ्नै जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएका सादा पोशाकका कर्मचारीले संचारकर्मी मोजुबुल्लाहको बिआर ३० एस १८८५ नम्बरको भारतीय मोटरसाईकलमा लागुऔषध नाइट्राभेट राखेका थिए ।

रौतहट प्रहरी सहायक निरीक्षक उदय प्रसाद यादव र प्रहरी जवान मनोज साहले दुई व्यक्तिको सहयोगमा सो घटना गराएको सीसीटीभी फुटेजमा देखिएको छ । साउनको अन्तिम साता बिदामा जानुभन्दा पहिले उपरीक्षक शाहले नै योजना बनाएर आफु बिदा गए पछि सो काम सकाउन असई यादवलाई खटाएका थिए । सोही अनुरुप योजनाबद्ध हिसाबले मोजिबुल्लाहलाई होटेलमा बोलाए बाहिर उनको मोटरसाईकलमा लागुऔषध राखिएको थियो

जिल्ला प्रहरीले सोमबार गरेको पत्रकार सम्मेलनमा यस घटनाको मुख्य योजनाकार संजय सहनी भएको बताएको छ । सहनीकै निर्देशनमा धिरज यादव र जितेश यादवले प्रहरीसँग मिलेर लागुऔषध सहित निर्दोषलाई फसाएको प्रहरीको दाबी गरिएको छ । तर प्रहरी उपरीक्षकले संजय सहनीलाई दोषी चित्रण गरिरहदा उनै सहनीसँग घटना पश्चात गरेको कुराकानीको अडियो पनि फेला परेको छ । एसपीले पत्रकार सम्मेलन मार्फतनै दोषी भनेका सहनीको मोबाइलमा घटनाको एक दिनपछि सम्पर्क गर्दै आफ्ना प्रहरी कर्मचारीले काम सम्पन्न गरेकोमा खुशी व्यक्त गरेका थिए । फोनमा उनले भनेका छन् 'हिजो काम भएछ नी त है ।' एसपी शाहले सहनीलाई आफै फोन गर्दै कहाँ हो एक्लै हो की भनेर शुरुमा सोध्छन् काम सके लगतै तत्कालै असइले आफुलाई फोन गरेको बताउदै फोनमा उनले अगाडि भनेका छन् । 'अब अहिले जसको काम पक्षमा काम गऱ्यो राम्रो भयो जसको अहितमा काम गऱ्यो, उसले नराम्रो भन्न शुरु गरि हाल्छ नी' ।

शाह आफै फस्ने भएपछि उनले घटनाको दोष सबै संजय सहनीको टाउकोमा थुपारेको र एसपी शाहले कसको ईशारामा काम गरेको भन्ने पत्ता लगाउन जरुरी रहेको नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले बताए ।

पत्रकार सम्मेलनमा प्रहरीले सहनीलाई दोषी देखाएर आफु पन्छीन खोजेको र एउटा पत्रकारलाई छोडेर फेरी अर्को पत्रकार फसाउन लागेकोमा पत्रकार महासंघका केन्द्रीय सदस्य शिव पुरीले पनि आपत्ति जनाएका थिए । पक्राउ परेका ईशनाथ नगरपालिका ८ का मो. मोजिबुल्लाह र राजपुर नपा ७ का शेख गुलाब भन्ने शेख अतिउल्लाहलाई प्रहरीले आइतबार रिहा पनि गरेको छ ।

### माधव...

सहमति जुटेको छ । मंगलबार स्थायी कमिटी बैठक बसेर त्यसलाई कार्यान्वयनमा लगिनेछ", ती नेताले भने । दश बुँदे सहमति कार्यान्वयन गर्ने प्रस्ताव तयार पार्न तीन नेतालाई जिम्मेवारी दिइएको छ । उपाध्यक्ष भीम रावल, महासचिव ईश्वर पोखरेल र उपमहासचिव विष्णुप्रसाद पौडेलले दश बुँदे सहमति कार्यान्वयनको प्रस्ताव तयार पार्ने भएका छन् । "दश बुँदे सहमति कार्यान्वयनको प्रस्ताव कसरी बन्छ, त्यसैबाट एमालेको बाँकी एकता जोगिने वा नजोगिने निर्भर हुनेछ", छलफलमा सहभागी अर्का नेताले भने ।

उपाध्यक्ष युवराज ज्ञवालीले भने अब एमाले २ जेठ २०७५ अगाडिको अवस्थाबाट बढ्ने बताए । "सर्वोच्च अदालतको फैसला अनुसार, अब एमाले २ जेठ २०७५ अगाडिको अवस्थामा फर्कन्छ । यो बीचमा भएका सबै गतिविधि स्वतः खारेज हुन्छ", ज्ञवाली भन्छन् । एमाले एकता जोगाउने गएको २७ असारमा दश नेता बीच दश बुँदे सहमति भएको थियो । सहमति अनुसार, गएको २३ फागुन यता दुवै पक्षबाट भएका सम्पूर्ण निर्णयहरु खारेज हुनेछन् । नवौं महाधिवेशनबाट निर्वाचित पदाधिकारी, केन्द्रीय कमिटी, पार्टी विधान र नेतृत्व कायम हुनेछ । माओवादी केन्द्रसँग ३ जेठ २०७५ अगाडिको एमालेको पार्टी संरचना केन्द्र देखि स्थानीय तहसम्म, जनसंगठन, केन्द्रीय निकाय, प्रवासमा पनि कायम हुनेछ ।

### व्यवहार...

गैरकानूनीरुपमा एजेन्ट काम गर्नेहरुलाई कारबाही गर्न सकिरहेको छैन', उनले भने, 'पछिल्ला दिनमा वैदेशिक रोजगार ठगीको मुद्दालाई व्यक्तिवादी ठगीको परिभाषाभित्र पारेका कारण गैरकानूनीरपमा काम गर्ने एजेन्टहरुले वैदेशिक रोजगारका नाममा रकम र पासपोर्ट संकलन गर्दा वैदेशिक रोजगारमा जाने कामदारको लागत र अन्य खालका अनिश्चितता पनि बढाएको छ ।'

### यूएईको ...

२०२१ सम्म आवासीय भिसाको म्याद भएकालाई सहयोग पुग्ने बताइएको छ । यो निर्णयले गत २० अप्रिलमा आवासीय भिसाको म्याद सकिएकाहरु ११ नोभेम्बरसम्म यूएई जान पाउने छन् ।

कोरोना भाइरसविरुद्धको खोप लगाउनेको संख्या बढेको र संक्रमणको दर कम भएपछि यूएईले रात्रीकालीन गतिविधिहरुलाई पनि शनिबारबाट खुकुलो बनाएको बताएको छ । यूएई सरकारले आवासीय भिसा प्राप्त नेपालीलाई ५ अगस्टदेखि आगमन खुला गरेको छ । यूएइले आफ्नो देश प्रवेश गर्नुभन्दा ४८ घण्टाअघि पीसीआर परीक्षणलाई अनिवार्य गराएको छ ।

### अफगानिस्तानमा ...

गर्न सूचना जारी गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मी प्रसाद बांस्कोटाले मध्यान्हलाई बताए । रुकुम पूर्वबाट औपचारिक तथा अनौपचारिक माध्यमबाट अफगानिस्तान गएका व्यक्तिको उद्धारका लागि विवरण संकलन कार्य शुरु गरेको उनले बताए ।

अ प ग ा न ि स त ा न म ा रहेका व्यक्तिका परिवारले प्रशासन, नजिकैको प्रहरी चौकी, गाउँपालिका तथा वडा कार्यालयमा विस्तृत विवरण उपलब्ध गराउनुपर्ने प्रजिअ बास्कोटाले बताए । अफगानिस्तानमा रहेका व्यक्तिका परिवारले यही भदौ १० गतेसम्म विस्तृत विवरण टिपाउन भनेर सूचना प्रकाशन गरिएको उनको भनाइ छ ।

### चौथाइवालेको ...

प्रचण्डलाई भेट्न पनि उनकै निवास खुमलटार पुगेका थिए । खुमलटारमा भएको भेटमा नेपाल-भारत सम्बन्ध र दुई पार्टीबीचको सम्बन्ध बारेमा छलफल भएको प्रचण्डका स्वकीय सचिव गंगा दाहालले बताइन् ।

**बाँके डायरी**
पवन जयसवाल/मध्यान्ह

## नेपालगञ्जमा शिव पार्वती मन्दिरमा शिवमहापुराण पाठ

बाँकेको नेपालगञ्जमा शिव पार्वती मन्दिरमा शिवमहापुराण पाठ प्रथम भाग साउन १० गतेदेखि शुभारम्भ भई एक महिनापछि भदौ ७ गते सोमबार विधिवतरुपमा हवन गरी समापन भएको छ ।



न ेपालगञ्ज उपमहानगरपालिका वडा नं.-६ फुल्टेक्रा, निवासी समाजसेवी स्व.बाबुराम कुर्मीका छोरी नातीद्वय समाजसेवी माधवराम वर्मा र निवृत्त शिक्षक युवराजवर्मा (मन्शाराम) को व्यवस्थापनमा कोभिड-१९ को महामारीको समयमा दुःख कष्ट निवारणका लागि शिवपार्वती मन्दिरमा शिव महापुराण पाठको आयोजना गरिएको थियो ।

न ेपालगञ्ज उपमहानगरपालिका वडा नं.-६ फुल्टेक्रा निवासी समजसेवी स्व. बाबुरामकुर्मीद्वारा बि.सं. २०१८ सालमा निर्मित सो शिवपार्वती मन्दिरमा सोही ठाउँ निवासी ७४ वर्षीय पण्डित शिव प्रसाद पाठकले बिहान ९ बजेदेखि ११ बजेसम्म शिवमहापुराण पाठ वाचन गर्दै आएका थिए । पाठ वाचन अवधि भरी जजमानको रुपमा लक्षमण भारती र पाठ वाचन सहयोगीको रुपमा कमल प्रसाद पाठक रहेका थिए । साउन १० गतेदेखि भदौ महिनाको ७ गतेसम्म सञ्चालित शिव महापुराण पाठ प्रत्येक दिन बिहान ९ बजेदेखि ११ बजेसम्म सञ्चालन भएको थियो । भदौ ७ गते समापन कार्यक्रममा हवन गरेर प्रसाद वितरण गरिएको थियो । समाजसेवी माधवरामवर्मा र निवृत्त शिक्षक युवराजवर्मा (मन्शाराम) ले पाठ श्रवण गर्न आएका सम्पूर्ण श्रद्धालु भक्तजनहरुका लागि सेनिटाइजर र मास्कको व्यवस्था गरेका थिए ।

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.-६ फुल्टेक्रा निवासी पुजारीका रुपमा करिब २४ वर्षदेखि हरिबहादुर क्षेत्रीले शिवपार्वती मन्दिरमा दैनिकी पूजा पाठ गर्दै आइरहेका छन् । समापनमा हरिहर प्रसाद खनाल, प्रमोद शर्मा, भरत परसैला, शिक्षक ओम प्रकाश त्रिपाठी लगायतको सहभागिता रहेको समाजसेवी माधवराम वर्माले मध्यान्हलाई जानकारी दिए ।

## नेपालगञ्जमा भव्यताका साथ मनाइयो गाईजात्रा महोत्सव

बाँकेका नेवार समुदायले वर्षभरि दिवंगत भएका पितृहरूको सम्मान, सम्झना तथा मुक्ति, आत्माको शान्तिका लागि मनाइने गाईजात्रा पर्व महोत्सवको रुपमा सम्पन्न भएको छ । बाँके जिल्लाका नेवारहरुको संगठन नेवाः पुचः बाँके, नेवाः देयः दबू बाँके र बाँके जिल्लामा रहेका ६ वटा विभिन्न गुठीहरुको संयुक्त आयोजनामा पहिलो पटक "गाईजात्रा विशेष महोत्सव" को रुपमा मनाइएको हो । नेपालगन्जको धम्बोझी चोकबाट यस वर्ष दिवंगत भएका नेवार समुदायका परिवारका सदस्यहरुबाट तयार गरिएका विशेष रुपमा सिंगारिएका गाईका प्रतिक बालबालिकाहरु, तायः मचा लगायतका झाँकीहरुले दिवंगतहरुको सम्झनामा तयार पारिएका निर्गुण, भजन र बाजा गाजाका साथ नगर परिक्रमा गरी बागेश्वरी मन्दिर परिसरमा विशेष कार्यक्रममा परिणत भएको थियो ।




महोत्सवमा नेपालगन्ज उपमहानगरपालिका अन्तर्गत बसोबास गर्ने वर्षभरी दिवंगत भएका व्यक्तिको सम्मान र सम्झनामा दिवंगत व्यक्तिको तस्बीर, विभिन्न झाँकी, तायः मचा समेत आफन्तजन, परिवारका सयौं सदस्यहरुको सहभागितामा संयुक्त रुपमा निकालिएको गाईजात्राका सहभागीहरुले नगर परिक्रमा गरी बागेश्वरी मन्दिरमा दर्शन गरेर मन्दिर परिसरमा आयोजित कार्यक्रममा विभिन्न नेवार अगुवाहरुले गाईजात्राको महत्वको बारेमा प्रकाश पारेका थिए । नेपालगन्जका अतिरिक्त कोहलपुर, खजुरा र राँझामा पनि व्यक्तिगत रुपमा गाईजात्रा निकालिएको थियो । ऱ्याली प्रदर्शनपछि आयोजित समारोहमा प्रमुख अतिथि नेवाः पुच बाँकेका संस्थापक तथा पार्षद् पत्रकार पूर्ण लाल चुकेले गाईजात्रा नेपालमा मनाइने पर्वहरुमध्ये महत्वपूर्ण राष्ट्रिय साँस्कृतिक पर्व हो भन्दै यो पर्व नेवारी संस्कृति र संस्कारबाट प्रारम्भ भएकोले खासगरी काठमाडौं उपत्यकाका तीन शहर र पछि नेवारहरूको बसोबास भएका देशका अन्य शहर बजारहरूमा विशेष महत्वका साथ मनाइने गरेको बताए । नेवार समुदायमा वर्षदिन भित्र दिवंगत भएका पितृहरूको सम्मान, सम्झना तथा मुक्तिका लागि गाईजात्रा मनाउने प्रचलन रही आएको छ । प्रत्येक वर्ष जनैपूर्णिमाको भोलिपल्ट अर्थात् भाद्र कृष्णपक्ष प्रतिपदादेखि अष्टमीसम्म यो पर्व मनाउने गरिन्छ ।

यसरी गाई जात्रा मनाउनुको रोचक ऐतिहासिक प्रशंगको चर्चा गर्दै ऐतिहासिक तथ्यका आधारमा मध्ययुग अर्थात् आज भन्दा ३८० वर्ष पूर्व विक्रम सम्वत् १६९८ मा तत्कालीन राजा प्रताप मल्लले गाईजात्रा मनाउने चलन बसाएको बताउँदै पार्षद् चुकेले मल्ल राजाका मृत्यु भभएका छोराको शोकले विह्वल भएकी आफ्नी रानीलाई मानिस जन्मे पछि एक पटक मर्नै पर्छ भन्ने बोध गराउनका लागि अनेक उपाय गर्ने क्रममा काठमाडौं उपत्यकाका नेवारहरुलाई भाद्र कृष्णपक्ष प्रतिपदाको दिन आफ्ना मृतक सदस्यको सम्झनामा "गाईजात्रा" निकाली शहर परिक्रमा गर्न लगाएका थिए । गाईको भेषमा, विभिन्न देवीदेवताको रंगीचङ्गी पोशाक लगाएर सिंगारिएका बालबालिकाहरु हरेक मृतकका आफन्तहरू घर-घरबाट निस्किएर जात्रामा सहभागी बनेको देखेपछि रानीको शोक केही कम भएको र त्यसपछि हरेक वर्ष गाईजात्रा मनाउने परम्पराको शुरुवात भएको चर्चा पार्षद् चुकेले गरेका थिए । उनले पछिल्लो समयमा गाईजात्रा हाँस्यव्यंग्य विधालाई उजागर गर्ने पर्वका रूपमा पनि स्थापित हुँदै आएको र सो पर्वको अवसरमा नेपालका विभिन्न पत्रपत्रिकाले हाँस्यव्यंग्यका विशेषाङ्क प्रकाशित गर्ने गरेको र हाँस्य कलाकारहरूले समाज र राष्ट्रमा हुने गरेका विकृति-विसंगतिलाई व्यंग्यात्मक प्रहसन मार्फत औंल्याउने गरेको पनि उल्लेख गरेका थिए । सो अवसरमा विशिष्ठ अतिथि नेवाः देयः दवू बाँकेका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान केन्द्रीय सदस्य कृष्ण प्रसाद श्रेष्ठले अहिलेसम्म नेवाः पुचः बाँकेको अगुवाईमा दिवंगत व्यक्तिका परिवारले निकाल्ने गरेको गाईजात्राको साँस्कृति महत्वलाई उजागर गर्न र नेवार संस्कृतिको जगेर्ना गर्नका लागि नेवाः देयः दवू बाँके, नेवाः पुचः बाँके र गुठीहरुले संयुक्त रुपमा गाईजात्रालाई विशेष रुपमा मनाउने परम्पराको थालनी गरिएको बताएका थिए । नेवाः पुचः बाँकेकी अध्यक्ष नन श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा उपाध्यक्ष जीतेन्द्र जोशीले स्वागत भाषण र कार्यक्रम सञ्चालन विवेक श्रेष्ठले गरेका थिए ।

गाईजात्रामा नेवाः पुचः बाँकेका प्रमुख पार्षद् स्व. राम नारायण श्रेष्ठ, सल्लाहकार गिरिधर श्रेष्ठ, नागरिक अगुवा कृष्ण प्रसाद श्रेष्ठका स्वर्गीय बुवा, सल्लाहकार ज्ञानेन्द्र श्रेष्ठकी स्वर्गीय पत्नी, सदस्य चन्द्र श्रेष्ठकी स्वर्गीय पत्नी लगायत दुई दर्जन दिवंगतहरुको सम्झनामा उनीहरुको आत्माको शान्तिका लागि गाईको भेषमा, विभिन्न देवीदेवताको रंगीचङ्गी पोशाक लगाएर सिंगारिएका बालबालिकाहरुसहितका झाँकीहरु प्रदर्शन गरिएको सल्लाहकार ज्ञानेन्द्र श्रेष्ठले मध्यान्हलाई जानकारी दिए ।

काठमाडौं, भक्तपुर, ललितपुर, रुपन्देही, पाल्पा, गुल्मी, प्युठान, बाग्लुङ, म्याग्दी, सुनसरी, मोरङ लगायतका नेवार बाहुल्य भएको शहर बजारमा नेवारी परम्परा अनुसार गाईजात्रा मनाउने प्रचलन कायमै छ । नेवारहरुको छाता संगठन नेवाः देयः दवूको माग र दवावमा नेपाल सरकारले यस वर्ष गाई जात्रा पर्वलाई राष्ट्रिय साँस्कृतिक पर्वको रुपमा घोषणा गरी सार्वजनिक विदा दिएको थियो ।

### भूलसुधार

मध्यान्ह दैनिकको २०७८ भदौं ६ र ७ गतेको अंकमा मुद्रक रोशन अफसेट प्रेस, भक्तपुर हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।
-प्र.

# पुरानै शैलीमा पुनर्निर्माण हुँदै ‘ऐतिहासिक लक्ष्मीनारायण धर्मशाला’

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर, ७ भदौ



कालीगण्डकी बेसीकै धार्मिक महत्वका रुपमा रहेको पाल्पा रामपुरको ऐतिहासिक लक्ष्मीनारायण धर्मशाला (गुठी)लाई पुरानै शैलीमा पुनर्निर्माण गरिँदैछ।

विसं २०७२ को भूकम्पले भवनमा क्षति पुगेपछि संरचना नै कमजोर बन्दै जाँदा ईतिहास बोकेको धर्मशाला बेवारिसे जस्तै बन्यो। ढिलै भएपनि अहिले पुरानै शैलीमै धर्मशाला पुनर्निर्माणको काम अगाडि बढेपछि यहाँका स्थानीयवासी उत्साहित बनेका छन्।

आजभन्दा दुई शताब्दी अगाडि तत्कालीन समयमा बाटो हिँड्दा बसोबास गर्ने बटुवाका लागि बास बस्ने धर्मशालाको रुपमा प्रयोजनका निम्ति गुठी बनाइएको हो। तत्कालीन समयमा टाढा टाढा गन्तव्यस्थल सम्म पुग्ने बटुवाले यही धर्मशालामा आएर बास बसेर भोलिपल्ट आफ्नो निश्चित गन्तव्यतर्फ लाग्दथे। पछिल्ला वर्षमा सडक सुविधा, घर वस्ती बढेसँगै यस धर्मशाला प्रयोगविहीन भएपछि संरक्षणमा कुनै पनि निकायको ध्यान जान सकेन। ०७२ को विनाशकारी भूकम्पले समेत असर पारेपछि अलपत्र अवस्थामा रह्यो।

झण्डै दुई शताब्दी ईतिहास बोकेको यस धर्मशालालाई पुनर्निर्माणमा स्थानीय सरकारको तर्फबाट पनि कुनै काम हुन सकेन। धर्मशाला जिर्णो भई पुनर्निर्माण नहुँदा पुरानै स्वरुप झल्कने गरी धर्मशाला निर्माण गर्न स्थानीयवासीले पटक-पटक आवाज उठाउँदै आइरहेका थिए।

लक्ष्मीनारायण गुठी सञ्चालन संस्थाको स्वामित्वमा धर्मशाला (गुठी) को रुपमा सञ्चालन हुँदै आइरहेको थियो। पूर्ण जिर्णोद्धार गर्न नेपाल सरकार पुरातात्विक विभागको विशेष पहलमा पुनर्निर्माण प्राधिकरणको करिब रु.दुई करोड ७१ लाख ४६ हजार ५५८ बजेट लागतमा पुनर्निर्माण कार्य अहिले अगाडि बढेको छ।

यस धर्मशाला रामपुर नगरपालिका वडा नं ४ खोप्टारस्थित राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर आडैमा पर्दछ। करिडोरको मापदण्ड बाटोकोबीच भागबाट २१ मिटर भएकाले पार्टी भवन रहेकै भवनको पूर्वपट्टीको जगलाई छोएर त्यसको पछाडिपट्टी बनाउन यहाँका स्थानीय सरकार, राजनीतिक दल, सामाजिक व्यक्तिले सर्वसहमतिमा निर्णय गरेपछि काम थालनी गरिएको लक्ष्मीनारायण गुठी सञ्चालन समितिका अध्यक्ष बुद्धिप्रकाश रेग्मी बताउँछन्।

गुठीको नाममा रहेको जग्गा भोगचलन गर्ने मोहीहरुले गुठीलाई बुझाउनुपर्ने उत्पादन नबुझाउँदा पनि यसले समयमा नै निकास पाउन नसकेको उनले बताए। ‘गुठीको नाममा रहेको जग्गा भोगचलन गर्ने व्यक्तिले गुठीको स्याहार संरक्षण गर्ने गरी परम्परादेखि नै सम्झौता बमोजिम भोगचलन भएपनि पछिल्लो समय मोहीवालाले कर वापतको रकम, अन्नपात नबुझाउँदा गुठी संरक्षणमा समस्या परेपछि वेवारिसे जस्तै बन्यो,’ उनले भने।

पुरानो धर्मशाला भुईंतलासहित तीन तले छ कोठा, दायाँ र बायाँ एक/एक वटा बालापाली थियो भने, छानो झिंघटीले छाइएको थियो। सोही स्वरुपमा नै निर्माण हुने नयाँ धर्मशालाको छानो भने जस्तापाताको रहनेछ। अरु पुरानै स्वरुप यथावत रहनेछ। यसै आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडि बढाइएको छ।

पौराणिक समयमा धार्मिक तीर्थस्थलका नामले परिचित रामपुरको लक्ष्मीनारायण धर्मशाला (गुठी) तत्कालीन समयमा राजदरबारकै रुपमा लिने गरिन्थ्यो। वि सं १८७९ मा साविक रामपुर गाविस वडा नं ८ बस्ने समाजसेवी तुल्सीराम रेग्मीले गुठी निर्माण गरेका हुन्। यहाँ तत्कालीन समयमा यस क्षेत्रमा भित्रिने बिशिष्ट व्यक्तिको स्वागत, बसोबास र धर्मशालाका रुपमा गुठी निर्माण गरिएको हो। धर्मशालासँगै त्यस आसपासमा लक्ष्मीनारायण गुठी सञ्चालन समितिको नाममा झण्डै १० रोपनी जग्गा रहेको छ। रेग्मी परिवारका सदस्यबाट मात्रै सञ्चालन हुँदै आएको यस लक्ष्मीनारायण गुठी समुदायलाई हस्तान्तरण गरेपछि पनि पछिल्ला वर्षमा संरक्षणविहीन हुन पुगेको हो। तत्कालीन समयमा यस धर्मशाला कालीगण्डकी वेशीकै धार्मिक धरोहरका रुपमा निकै चासोको रुपमा लिने गरेको लक्ष्मीनारायण गुठी सञ्चालन समितिका सदस्य मिनराज रेग्मी बताउँछन्। यस गुठीमा पहिले पहिले ३० जना भन्दा बढी बास बस्ने गरेको बुढापाका बताउँछन्। देशका ठुला ठुला शहर, भारतीय मुलुकमा जागिर, अध्ययन, कुनै काम विशेषले जानेले यही बाटोको प्रयोग गर्ने र रात परेपछि यहीँ बाँस बस्ने गरी मुख्य केन्द्रका रुपमा यात्रा तय गर्दथे। बटौली (हालको बुटवल) बजारमा सामान लिन जानेहरु यहीँ बास बसेर आउने जाने गरेको बुढापाकाले सुनाउने गरेको रामपुर नगरपालिकाका उपप्रमुख विष्णुदेवी घिमिरे आचार्य बताउँछिन्। यहाँ बाटो हिँड्ने बटुवाका लागि खाने, बस्नेको राम्रो प्रबन्ध गरिएकाले पनि धेरैले यहीँ बास बस्ने र अर्को दिन अन्यत्र यात्रा तय गरी आफ्नो गन्तव्यमा अगाडि बढ्दथे। अब भने ऐतिहासिक लक्ष्मीनारायण धर्मशाल पुनर्निर्माण भएपछि रामपुरको सांस्कृतिक तथा पर्यटन विकासमा यसले थप ईट्टा थप्ने रामपुर नगरपालिका वडा नं ४ का वडा अध्यक्ष एकबहादुर नेपाली बताउँछन्।

### भक्तपुरमा गाईजात्राको रौनक

# कोरोनाका कारण गाईजात्रा निकाल्नेको संख्या वृद्धि

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
**भक्तपुर, ६ भदौ**



काठमाडौं उपत्यका लगायत देशभरीका विभिन्न स्थानहरुमा विशेषत: नेवारहरुको बाक्लो बसोबास भएको स्थानका समुदायले मनाउने पर्व हो गाईजात्रा। यस पर्वले परम्परागत, धार्मिक र सांस्कृतिक विशेषता बोकेको छ। नेवार समुदायले मनाउने यस पर्वमा मानिसहरुको मृत्यु वियोगमा मृतकको नाममा गाई निकाल्ने चलन छ। राजा प्रताप मल्लले पुत्रशोकबाट भावविह्वल भएकी आफ्नी अर्धाङ्गीनीलाई दुनियाँले पनि यस्तै शोक व्यहोर्नुपर्छ भन्ने देखाउन आफ्ना प्रजाहरुलाई आ-आफ्नो घरका मृत्यु भएका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनु भनी आज्ञा दिएका आधारमा यो पर्व शुरु भएको विश्वास छ।

पछिल्ला वर्षहरूमा गाईजात्रालाई हास्यव्यङ्ग्यसँग बढी जोडेर मनाउने गरेका छन्। दिवङ्गत आफन्तको नाममा गाईलाई पूजा गरेर गाईको पिठ्युँमा पहेँलो वस्त्र लगाइदिएर घुमाउने प्रचलन पनि छ। मृतकको आत्माको शान्तिको कामनाका साथै यसो गर्दा मृत आत्माले बैतर्नी तर्छ भन्ने जनविश्वास पनि रहेको छ। नेवारी भाषामा यो पर्वलाई सापारु भनिन्छ। सा को अर्थ गाई र पारुको अर्थ प्रतिपदा तिथि हो।

भक्तपुरका ८७ वर्षीय हेराकाजी खागीका अनुसार पुरुषको मृत्यु भएको छ भने पुरुष मानिसले प्रयोगमा ल्याउने कपडा र महिलाको मृत्यु भएको छ भने महिलाले प्रयोगमा ल्याउने फरियाले डोकोमा बाँसको मन्दिर जस्तो बनाई त्यसलाई बेरेर गाईको चित्रमा परालको सिङ गुथेर सिन्दूर, टीका लगाई वरीपरी मृतकको तस्विर र विभिन्न देवताको तस्विर राखी श्रृङ्गार गरी फूलमालाले पूजा गरिन्छ र नगर घुमाउन लैजाने चलन रहेको बताए। अहिले ठेलागाढामा पनि श्रृङ्गार गरी गाई घुमाउने प्रचलन छ। कोरोना भाइरसको महामारीका कारण सरकारले जारी गरेको लकडाउनले अघिल्लो वर्षको गाईजात्रालाई प्रत्यक्ष प्रभाव पारेको थियो।

यसवर्ष कोरोना संक्रमणका कारण धेरैले ज्यान गुमाएका छन्। जसका कारण पहिलेको तुलनामा यसपाली गाईजात्रा निकाल्नेहरु र ताहासाको संख्या पनि बढेको स्थानीय विश्वकृष्ण लासीवा बताउँछन्।

एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा बालबालिकाहरुलाई सिँगारी आ-आफ्ना क्षेत्रका मठमन्दिर परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुहरुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरिन्छ। आजभोलि गाईजात्राका अवसरमा समाजमा रहेका विद्यमान राजनैतिक विकृति र विसङ्गती उजागर गरी सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजनासमेत हुन्छ। पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य प्रकाशन गरिन्छ। यसवर्ष नयाँ भेरियन्टसहितको कोरोना संक्रमणबाट बच्न पनि भीडभाड कम गर्न सरकारले आह्वान गरेको छ। कोरोनाका कारण भौतिक दूरी कायम गरेर चाडपर्व मनाउनुपर्ने अवस्था छ। जात्राका दिन जिल्ला प्रहरी कार्यालय भक्तपुरले ठाउँ ठाउँमा 'हजुरको मास्क खोई ?' अभियान चलाएको थियो भने भक्तपुर नगरपालिकाले प्राथमिक स्वास्थ्य उपचार सेवा पनि सञ्चालन गरेको थियो। गाईजात्रा पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, साँखु, चौतारा, स्याउले, मेलम्ची, बाह्रविसे, त्रिशुली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा र पोखरा लगायत नेवार समुदायका मानिसको बाहुल्यता भएको स्थानमा आ-आफ्नै विशेषता अनुरुप धुमधामका साथ मनाइन्छ। सरकारले यस वर्ष पहिलोपटक गाईजात्राका अवसरमा देशभरका नेवार समुदायाई सार्वजनिक बिदा दिएको थियो।

# मनाङमा पनि बेरुजु: विद्यार्थी नै नभएका विद्यालयमा शिक्षकलाई तलब

**नवीन लामिछाने/रासस**
मनाङ, ७ भदौ



मनाङका स्थानीय तहमा पनि बेरुजु रकम देखिएको छ। यहाँका चारवटै पालिकामा बेरुजु रकम देखिएको छ र यो बेरुजु सबैभन्दा धेरै शिक्षा क्षेत्रमा देखिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिसँगै भवन निर्माण भइरहेको भए पनि निर्माणका क्रममा अनियमितता बढ्दो देखिएको हो। नेपालको विकट जिल्ला मानिने मनाङको शैक्षिक गुणस्तर वृद्धि र सामुदायिक भवन निर्माण तथा अनुदानमा अनियमितता रहेको पाइएको छ। महालेखा परीक्षकको कार्यालयद्वारा हालै सार्वजनिक गरिएको ५८ औँ लेखा परीक्षण प्रतिवदेनमा आवश्यक कागजात तथा सकल बिल भरपाई पूरा नहुँदा यहाँ अनियमितता बढ्दै गएको पाइएको उल्लेख छ। आर्थिक वर्ष २०७६/०७७ मा सदरमुकाम चामे गाउँपालिकामा रु दुई करोड २३ लाख ७५ हजार बेरुजु देखिएको छ। त्यसमध्ये असुल गर्नुपर्ने रु सात लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २१ लाख ९३ र नियमित गर्नुपर्ने रु एक करोड ९४ लाख ४० हजार बेरुजु रहेको छ। सो प्रतिवेदनमा गाउँपालिकाले लोकप्रिय माविको आवासीय भवन निर्माणका लागि रु ३९ लाख पेश्कीमा ६१ लाख ७५ हजार भुक्तानी गरेको पाइएको छ। माथिल्लो मनाङ डिस्याङ गाउँपालिकामा दुई करोड १० लाख १४ हजार बेरुजु देखिएको छ। यसमध्ये असुल गर्नुपर्ने रु ३८ लाख ९४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४८ लाख ६८ हजार र नियमित गर्नुपर्ने रु एक करोड चार लाख ५२ हजार र पेश्की रु १८ लाख बेरुजु देखिएको छ। महालेखा परीक्षणका अनुसार डिस्याङले पनि विद्यालय अनुदानमा बढी भुक्तान गरेको र पेश्की फछ्र्योट नभएको देखाएको छ। मनाङको प्रवेशद्वार नासो गाउँपालिकामा रु दुई करोड ३५ लाख ७६ हजार अनियमिता भएको पाइएको छ। यसमध्ये असुल गर्नुपर्ने रु १२ लाख ७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु एक करोड चार लाख २४ हजार, नियमित गर्नुपर्ने रु एक करोड १८ लाख ८१ हजार बेरुजु छ। गाउँपालिकाले विद्यालय अनुदानमा रु ३० लाख ३१ हजार ४३० खर्च गरेकामा बिल भरपाई प्रतिवेदनमा पेश नभएको महालेखा परीक्षणमा देखिएको उल्लेख छ। नासोंको भ्रमण खर्चमा अनियमितता भएको प्रतिवेदनमा देखिएको छ। त्यस्तै हालसम्म पनि सडक सञ्जालले छुन नसकेको गाउँपालिका नार्पा भूमिमा रु दुई करोड ७३ लाख छ हजार बेरुजु भएको प्रतिवेदनले देखाएको छ। त्यसमध्ये असुल गर्नुपर्ने रु २० लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु एक करोड दुई लाख ३० हजार, नियमित गर्नुपर्ने रु एक करोड ५० लाख आठ हजार बेरुजु देखिएको छ। गाउँपालिकाले पेश्की फछ्र्योट तथा बेरुजु संपरीक्षण गर्नुपर्ने भए पनि नगरेको पाइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

**विद्यार्थी नै नभएको विद्यालयका शिक्षकलाई तलब**

विद्यार्थी नै नभएको विद्यालयमा शिक्षक नियुक्त र तलबभत्ता वितरण गरिएको पाइएको छ। महालेखा परीक्षणको ५८औं प्रतिवेदनका अनुसार विद्यार्थी नभएको विद्यालयमा करार दरबन्दीको शिक्षक नियुक्त गरिएको पाइएको छ। प्रतिवेदनमा विद्यार्थी नभएको विद्यालयमा करार दरबन्दीका शिक्षक नियुक्त गर्नुका साथै निकासा गरेको उल्लेख छ। मनाङको फु आधारभूत विद्यालयमा बालविकासबाहेक अन्य विद्यार्थी छैनन् तर गाउँपालिकाले विद्यालयका दुई स्थायी र एक करार गरी तीन शिक्षकको तलबभत्तालगायतका सुविधाका लागि वार्षिक रु १२ लाख ६५ हजार निकासा गर्दै आएको प्रतिवेदनमा पाइएको छ। त्यस्तै डिस्याङ गाउँपालिकाअन्तर्गतको ङावल आधारभूत विद्यालयमा विद्यार्थी नै नभएको र विद्यालयका आठ स्थायी शिक्षकका लागि तलबभत्तालगायतका सुविधा दिइएको प्रतिवेदनमा पाइएको छ। शिक्षकको तलबभत्तासहितको सुविधाबापत गाउँपालिकाले वार्षिक रु ३५ लाख ८६ हजार निकासा गरेको प्रतिवेदनमा देखिएको छ। यी र यस्तै कार्यले गर्दा स्थानीय तहमा बेरुजु बढ्दो देखिएको हो।

**गण्डकी डायरी**
**माधव पराजुली/मध्यान्ह**

# पोखराको महेन्द्रपुलमा जमिन भासियो, स्थानीयवासी त्रासमा



निरन्तरको वर्षाका करण पोखराको महेन्द्रपुलमा जमिन भासिएको छ। आइतबारदेखिको अविरल वर्षाका कारण पोखराको मुख्य बजार महेन्द्रपुलको सडक भासिएको हो। गरिमा विकास बैँकको अगाडिको जमिन भासिएको छ। जमिन भाँसिदा आधा दर्जन घरहरु जोखिममा परेका छन्। जमिन भासिँदै जान थालेपछि स्थानीयवासी त्रसित बनेका छन्। आइतबार बेलुकीदेखि अबिरल वर्षापछिको भलपानीले भासिदै गएको जमिन अहिले झनै पानीले खाल्डो ठूलो बनाउँदै लगेको छ। यहाँको विजुलीको पोल र सडकपेटी पनि भत्किन पुगेको छ भने पार्किङ गरी राखिएका कार स्थानीयवासी र प्रहरीको टोलीले सुरक्षित स्थानमा सारेको प्रहरीले जानकारी दिएको छ। भासिएको ठाउँमा प्रहरी र स्थानीयको सहयोगमा ढुंगा गिट्टी र माटोले पुरेर पानी तर्काउने प्रयास भएता पनि निरन्तरको झरीका करण अप्ठ्यारो भएको छ। विन्ध्यवासिनी र नदिपुरदेखि भल जमिन भासिएको खाल्डोमा छिरेर भित्रभित्रै गई जमिनमा बग्न थालेपछि स्थानीयवासी त्रसित बनेका छन्।

# गण्डकी प्रदेशको ६० करोड ४१ करोड बजेट बेरुजु

गण्डकी प्रदेशको ६० करोड ४१ लाख बजेट बेरुजु रहेको छ। गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७६/०७७ मा ३० अर्ब ७४ करोड बजेट खर्च हुँदा उक्त बजेट बेरुजु रहेको गण्डकी प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

उक्त बेरुजु रकम सात प्रदेशमध्ये गण्डकी प्रदेशमा सबैभन्दा कम हो। ३० अर्ब ७४ करोड भन्दा बढीको लेखापरीक्षण गर्दा ६० करोड ४१ लाख रुपैयाँ अर्थात १.९६ प्रतिशत बेरुजु निस्किएको हो। महालेखाले बेरुजुमध्येको ४ करोड २६ लाख रुपैयाँ असुल गर्न भनेको छ भने बाकीँ बेरुजु रकमको कागजी प्रक्रिया पुरा गर्न निर्देशन दिएको छ। प्रमाण कागजात पेश गर्नुपर्ने २८ करोड ८८ लाख ५७ हजार तथा अनियमित भएको १२ करोड २० लाख ७५ हजार र पेश्की बाँकी १४ करोड ५६ लाख ९७ हजार रहेको छ। ०७५/७६ सम्म गण्डकी प्रदेशमा १ अर्ब ६४ करोड ४८ लाख १६ हजार बेरुजु देखिएकोमा ७० करोड ९१ लाख ७९ हजार फर्स्यौट भई ९३ करोड ५६ लाख ३७ हजार बाँकी रहेको थियो। ६० करोड ४१ लाख थप भएपछि गण्डकीमा कुल बेरुजु रकम १ अर्ब ५३ करोड ९७ लाख ३७ हजार कायम भएको छ। प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयमा सबैभन्दा बढी बेरुजु देखिएको छ। उक्त मन्त्रालयमा ३८ करोड ६८ लाख बेरुजु रहेको छ। त्यसमध्ये ३ करोड २९ लाख ८१ हजार रुपैयाँ तत्काल असुल गर्न महालेखाले भनेको छ। सामान्यतया बेरुजु देखिएको रकम ढिलोमा २/३ वर्षमा फर्स्यौट नभएमा ताकेता गर्दा पनि भुक्तानी नभएमा जायजेथा असुल उपर गर्ने प्रचलन रहेको छ।

# कस्तुरी र चितुवाको छालासहित पाँच जना पक्राउ

**दाङ/मस–** प्रहरीले प्रतिबन्धित बन्यजन्तु कस्तुरीको बिनासहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा घोराही उपमहानगरपालिका-७ का ३३ वर्षीय मोहन बूढा र प्यूठान नगरपालिका-१ का २२ वर्षीय मदन केसी रहेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

घोराही-१५ शहीद गेटस्थित होटल टुडे प्लाजामा बिनाको बिक्री हुन लागेको भन्ने सूचनाका आधारमा खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता एवं डीएसपी मुकुन्द प्रसाद रिजालले जानकारी दिए। रिजालकाअनुसार होटलको कोठा चेकजाँच गर्दा उनीहरुले लुकाइछिपाई राखेको अवस्थामा ३१ ग्राम २०० मिलिग्राम कस्तुरीको बिना फेला परेको थियो।

# रुकुम पूर्वमा एक बालिका मृत अवस्थामा फेला

**रविन विश्वकर्मा/मध्यान्ह**
रुकुम पुर्व, ६ भदौ

रुकुम पूर्वमा एक बालिका मृत अवस्थामा फेला परेकी छन्।

जिल्लाको भूमे गाउँपालिका ३ मोराबाङमा ४ वर्षीया बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पुर्वले जनाएको छ।

मोराबाङ निवासी अर्जुन कुँवरको ४ वर्षीया छोरी प्रिया कुँवर आइतबार राति ८ बजे घर नजिकैको खोल्सामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पुर्वका प्रमुख तथा प्रहरी नायव उपरीक्षक गणेश बहादुर श्रेष्ठले मध्यान्हलाई बताए। बालिकाको मृत्युको कारण भने खुल्न सकेको छैन। घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी श्रेष्ठले बताए। बालिकाको शव पोष्टमार्टमका लागि रुकुम पूर्व अस्पतालमा लगिएको प्रहरीले जनाएको छ।

## सम्पादकीय

# प्रश्न प्रतिपक्षीलाई

प्रमुख विपक्षी दल नेकपा एमालेको विरोधका बीच लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले विश्वासको मत पाएका छन् । ८० सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री केसीले ४२ मत पाए । प्रदेशसभामा उपस्थित ४३ मध्ये मुख्यमन्त्री केसीलाई उपसभामुख कृष्णी थारूले मत नदिइ तटस्थ बसिन् । प्रदेशसभाको बहुमतले मुख्यमन्त्री केसीलाई मत दिएसँगै उनको पद जोगिएको छ । नेकपा एमालेका नेता शंकर पोखरेलको राजीनामा पछि केसी मुख्यमन्त्री नियुक्त भएका थिए । नेकपा माओवादी केन्द्रका नेता केसीलाई गठबन्धनले समर्थन जनाएको छ । माओवादी केन्द्र सहित नेपाली काँग्रेस, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले केसीलाई विश्वासको मत दिएका छन् । अतः प्रदेशसभाको बाँकी कार्यकालका लागि वैधानिक रूपमा मुख्यमन्त्री केसीको पद सुरक्षित भएको छ ।

तर विपक्षी एमालेले भने सूर्य चिन्हबाट निर्वाचित विमला वली र अजय शाहीलाई पदमुक्त गर्न माग गरेका थिए । विमला वली २०७५ को उपनिर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को उम्मेद्वार बन्दै प्रदेशसभा सदस्य निर्वाचित भएका थिइन् । उनले नेकपा विघटन भएपछि माओवादी केन्द्र रोजिन् । तर उनका पति उत्तरकुमार वली एमाले नेता भएकाले माओवादी केन्द्र रोज्न नपाउने तर्क गरिएको थियो । वलीले भने माओवादी केन्द्र रोजेपछि उनलाई पदमुक्त गर्न एमालेले माग राख्यो । अजय शाही भने २०७४ को निर्वाचनमा सूर्य चिन्ह लिएपनि आफूलाई स्वतन्त्र भएको दावी गरिरहेका छन् । उनी मन्त्रिपरिषद्मा समेत सहभागी भएका छन् ।

वली र शाहीलाई पदमुक्त गर्नुपर्ने माग पूरा नभएपछि एमालेले मुख्यमन्त्री केसीलाई विश्वासको मत लिने कार्यसूची नै नराख्न दबाव दिएको थियो । तर केसीले विश्वासको मत लिए, बहुमत पाए । अर्थात्, लुम्बिनीमा प्रतिपक्षी दल एमालेले फेरि पनि पुरानै प्रवृत्ति देखाएका छन् । यसअघि पोखरेल मुख्यमन्त्री हुँदा पनि अल्पमतले शासन गर्ने प्रयास गरेको थियो । कतिसम्म भने आफ्नै मुख्यमन्त्रीले ल्याएको बजेट पारित गराउनुको साटो प्रदेशसभा बहिष्कार गर्ने, अधिवेशन अन्त्य गर्ने र अध्यादेशबाट बजेट ल्याउने काम गरिएको थियो । राष्ट्रिय राजनीतिका कारण विपक्षी बेञ्चमा धकेलिएको एमालेले अन्य प्रदेशहरूमा पनि यस्तै प्रकृतिको गतिविधि गरिरहेको छ । अर्थात्, विपक्षीले पनि विधान, संविधान र बहुमतको शासन स्वीकार्नुपर्छ भन्ने तथ्य बिर्सिएको देखिन्छ । जुन प्रवृत्तिले मुलुक सही दिशामा अगाडि जान सक्दैन ।

## सामाजिक सञ्जाल



माधव नेपाल उचाले उचाले ओलिविरूद्व विष ओकले, लास्टमा माधव नेपाललाई डोकोमा हालेर भिरमा फाली डोको बोकेर एमाले तिरै आएछन्, माधव नेपालका सारथीहरू । राजनीति जति निर्मम केहि हुँदैन । यहाँ कसैको विश्वास हुँदैन । आफ्नो फाइदा मात्र हो सबैले हेर्ने । विचरा माधवको राजनीतिक भविष्य नै के हुने अन्यौंल बन्यो ।

**दिपेन्द्र बिष्ट**



कसैको दयामा जीवन धान्नु, तान्नु, लतार्नु, पद, प्रतिष्ठा हैसियत पाउनु, खोज्नुभन्दा चुत्थो जीवन अरू केही हुँदैन । अत्तर छर्केर डङडङती ह्वास्स भएको गन्ध छोप्न सकिँदैन । जो आफैं दयामा जीवन गुजारिरहेर श्रीपेच ढल्काएको हुन्छ । उसले अरूको के दिन वा भलो गर्न सक्छ ?

**नरेन्द्रजंग पिटर**



मन्त्री खानको लागि मेरो सांसदहरूले दाम्लो चुडाउन लागे भनेर भन्दैथिए माधवले, अब निर्वाचन आयोगमा सनाखतको लागि नजाने हुनकी जस्तो लागेर होला ५० जना नेतालाई भुलाउन आजैदेखि रिसोर्टमा कोठा बुक गरेर राखेछन् । कठै माधव, गाह्रो छ तिमिलाई पनि !

**शैलेन्द्र थापा**



प्रचण्डले सबै वामपन्थी र कम्युनिष्ट शक्तिहरूलाई एकिकृत गर्ने रे ! पार्टीका त्यत्रा नेता एकएक गर्दै लाखापाखा लागेको र एक्लोजस्तै भएको अवस्थाले उनको चिन्तन र कार्यशैलीमा मूलभूत त्रुटि रहेको बुझिन्छ । राष्ट्रियताको गोलमटोल भाष्य नसच्याएसम्म मच्चियो-मच्चियो, थच्चियो बाहेक अरू के होला ?

**बाबुलाल भण्डारी**



नफुट्नु पार्टी फुटेरै गैसके पछि आ-आफ्नो कित्ता क्लियर गरन भाइ, तिमीहरू जस्ता हुतिहारा मध्यमार्गी भनिने पद र पैसाको दलालहरूको कुनै पनि पार्टीमा कुनै पनि काम छैन । हिजो आफ्नो प्रभु अगाडि सार्दै अदालतमा लाइन लागेको होइन ? तिमीहरूलाई कसले भन्छ, एकताका पक्षधर ?

**गुणराज भण्डारी**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

### इपिएसको १७ वर्ष

# श्रमिकको अवस्था अझै नाजुक

इपिएस माध्यमबाट काम गर्न आउने प्रवासी श्रमिकको निम्ति लागु गरिएको इपियसमा कार्यस्थल स्वईच्छाले परिवर्तन गर्न पाउने अधिकार प्रवासी श्रमिकलाई दिएको छैन । सबै निर्णय प्रवासी श्रमिक आफुले होइन कम्पनी मालिकले गर्ने गर्छ । किनकी कम्पनीसँग त्यस्तो सम्झौता गर्न इपिएसले प्रवासी श्रमिकलाई बाध्य तुल्याएको हुन्छ ।



● मधुसुदन ओझा

कोरियामा इपिएस लागु भएको १७ वर्ष पुरा भएको छ । सन् २००४ अगस्ट १७ तारिकका दिन कोरियाले अहिलेको इपिएस कानुन बनाई प्रवासी श्रमिक कोरिया ल्याउन सुरु गर्यो । त्योभन्दा पुर्व सन् १९९४ देखि लिएर २००४ सम्म औद्योगिक प्रशिक्षण प्रणालीबाट परिक्षार्थीको रुपमा प्रवासी मजदुर कोरिया भित्र्याइन्थ्यो । मजदुर युनियनको शसक्त संघर्षपश्चात १० वर्ष पछि सन् २००४ मा कोरियन सरकार उक्त प्रणाली खारेज गर्न बाध्य भयो । कोरियामा इपिएस कानुन लागु भयो । कोरियामा अरु माध्यमबाट पनि प्रवासी श्रमिक भित्र्याइने भएपनि इपिएस माध्यमबाट काम गर्न आउने प्रवासी श्रमिकको निम्ति लागु गरिएको इपियसमा कार्यस्थल स्वईच्छाले परिवर्तन गर्न पाउने अधिकार प्रवासी श्रमिकलाई दिएको छैन । सबै निर्णय प्रवासी श्रमिक आफुले होइन कम्पनी मालिकले गर्ने गर्छ । किनकी कम्पनीसँग त्यस्तो सम्झौता गर्न इपिएसले प्रवासी श्रमिकलाई बाध्य तुल्याएको हुन्छ ।

मजदुर कानुनअनुसार समान सेवा सुबिधा पाउनु र व्यवहार राम्रो गरिनु प्रवासी श्रमिकको पनि अधिकार हो । मजदुरी गर्ने क्रममा कुनै दुर्घटनामा नपरी स्वस्थ्य भई जिउने अधिकार सबै श्रमिकलाई छ । तर, कोरियामा प्रवासी श्रमिक माथी ठिक विपरित व्यवहार गरिन्छ । सेवा सुविधा र हक अधिकारमाथि कुठाराघात गरिएको छ भने मजदुरी गर्ने क्रममा रोजगारदाताको लापरबाही (काम गर्दा सुरक्षासम्बन्धि आवश्यक उपकरणको कमि) का कारण अकालमै ज्यान गुमाउन र अङ्गभङ्ग हुन प्रवासी श्रमिक विवश छन् । दैनिक १३/१३ घण्टा काम गरि महिनामा ३० दिन काम गरेबापत न्यूनतम ज्यालासमेत पाउँदैनन् प्रवासी श्रमिकले ।

कोरियाली मजदुरले केही भएपनि मजदुर कानुनमा संरक्षण प्राप्त गरेको भए पनि प्रवासी श्रमिकलाई कोरियामा श्रमिकको दर्जाबाट कोसौं दुर दास बनाएर राखिएको छ । आफूमाथि भएको अन्यायको लागि न्याय माग्न सम्बन्धित निकायमा जाने हो भने उल्टो पीडितको कुरालाई भन्दा पनि पीडकको कुरालाई मात्र प्राथमिकता दिइन्छ ।

विभिन्न झुठा आरोपमा प्रवासी श्रमिकलाई सजायँ पनि दिइन्छ । विदेशी भएकै कारण कार्यस्थलमा आफूभन्दा सानो उमेरको कोरियनले समेत होच्याएर हेर्ने गर्छ । प्रवासी श्रमिकको दैनिकी कार्यस्थलमा धम्की, कुटपिट, गाली गलौच र दुर्व्यवहारको सामना गरेर सुरु हुन्छ ।

विशेष गरी कृषितिर कार्यरत प्रवासी श्रमिकलाई दिनको १४/१४ घण्टा बेसिक तलब नै नदिएर दास बनाएर जवर्जस्ती काम गराइन्छ । विश्व भरिका श्रमिकको पक्षमा केहि परिवर्तन आए पनि कोरियामा भने इपियसले प्रवासी श्रमिकलाई आधुनिक युगमा आज्ञाकारी दासको भन्दा पनि न्युनस्तरीय जिवन विवश तुल्याएको छ । विगतमा कोरियामा गरिएको एक सर्वेको परिणामअनुसार आधाभन्दा ज्यादा ५५.४ प्रतिशत प्रवासी श्रमिक कार्यस्थलमा दुई/तीन लाख वन (लगभग नेपाली २०/३० हजार) भाडाको रुपमा गोदाम घर, कन्टेनरमा बस्न विवश छन् ।

जसमध्ये ३९ प्रतिशतको बस्ने ठाउँमा टवाईलेटसमेत छैन भने ३४ प्रतिशत यस्ता बस्ने ठाउँमा बाथरुमको व्यवस्था गरिएको छैन । २० प्रतिशत यस्ता गोदाम घर र कन्टेनरमा ढोका र ताल्चाको समेत व्यवस्था छैन । यस्ता ठाउँमा महिला कामदारका लागि बस्न असुरक्षित भएपनि प्रवाशी महिला श्रमिक भने यस्ता ठाउँमा बस्न विवश छन । उक्त सर्वेका अनुसार एक हप्तामा ५० घण्टाभन्दा

> "प्रवासी श्रमिकमाथि कोरियामा जवर्जस्ती पसेको घुस पैठियाको जस्तो व्यवहार गरिन्छ । अपराधीक गतिविधि गर्ने अपराधी सोचिन्छ र खानै नपाएर आएको कंगाल जस्तो नजरले हेरिन्छ कोरियामा । रोजगारदाता प्रवासी श्रमिकले गधाले जस्तो काम गर्न सकेन, सधैं उसको बफादार दास जस्तो भएर, नजर झुकाएर हेरेन र कम्मर भाच्चिने गरि ढोगेन भने राम्रो मान्दैनन् । कार्यस्थलमा धम्की, कुटपिट, गाली-गलौच र अनेकन अभद्र व्यवहारको सामना गर्नुपर्ने बाध्यता छ ।




बढि काम गरेर महिना भरी काम गरेबाफत बेसिक तलब नपाउने प्रवासी श्रमिकको संख्यामा पनि निक्कै छ । समान काम गरे पनि महिला श्रमिकलाई ज्यालामा भेदभाव गरिन्छ ।

हक अधिकार हनन् र दमन शोषणका हिसाबले कोरियामा कार्यरत प्रवासी श्रमिकको अवस्था सन् १८८६ भन्दा पहिलेको श्रमिकको अवस्थाभन्दा कम नाजुक छैन । प्लास्टिकको घर, कन्टेनरमा मानिस बस्न सक्छ र त्यो पनि लाखौं भाडा तिरेर, तर पनि प्रवासी श्रमिक ट्वाइलेट, बाथरुम, पानी नभएको र गर्मीमा ४०/४० डिग्री तापक्रम भएको थोत्रो कन्टेनर जसको एउटा कोठामा चार/चार जनाको दरले लाखौं भाडा तिरेर बस्नुपर्ने बाध्यता छ । हालै कोरियन सरकारले प्यानलले बेरेर बनाएको कन्टेनर बासस्थान दिन नहुने भनिए पनि व्यवहारमा लागु हुन निक्कै कठिन छ ।

वर्षायाममा पानी पर्दा वर्षात्को पानी पुरै भित्र पस्ने बोइलर बिनाको कोठाको लाखौं भाडा तिरेर बस्न बाध्य बनाइएको छ । काम गर्दै गर्दा कामको कारण या अन्य कुनै कारण बिरामी हुनुपरे पनि चुपचाप सहि बस्नु पर्ने हुन्छ । उपचार गर्न या कामको कारण भए कार्यस्थल परिवर्तन गर्न मिल्दैन । उल्टो काम गर्न मन नभए आफ्नो देश फिर्ता जा होइन भने काम गर, नभए गैरकानुनी बनाईदिने धम्की दिने गरिन्छ कोरियामा । कोरियामा महिला दिदी बहिनीलाई कानुनमै पुर्णँअधिकार भए पनि प्रवासी महिला श्रमिकमाथि भने कार्यस्थल हातपात र अभद्र व्यवहार गरिँदासमेत ठुलै प्रमाण जुटाउनु पर्ने हुन्छ । कोरियामा ५ जनाभन्दा कम कामदार भएको कार्यस्थलमा समान मजदुर कानुन लागु हुदैन भेदभाव गरिन्छ । प्रवासी श्रमिक आउने प्रायः साना र मझौला कम्पनीमा भएकाले प्रवासी श्रमिकले यस्ता कार्यस्थलमा भेदभाव खेप्नु परेको छ । कतिपय रोजगारदाताले त ५ जनाभन्दा कम कामदार राख्न आफ्नो परिवारको प्रत्येक सदस्यको नाममा कम्पनी खोलेको हुन्छ ।

प्रवासी श्रमिक कोरिया जवर्जस्ती आएको हुँदैन । कम्पनीलाई आवश्यकता परेको भएर कम्पनीले लिएर आएको हुन्छ । तर, प्रवासी श्रमिकमाथि कोरियामा जवर्जस्ती पसेको घुस पैठियाको जस्तो व्यवहार गरिन्छ । अपराधीक गतिविधि गर्ने अपराधी सोचिन्छ र खानै नपाएर आएको कंगाल जस्तो नजरले हेरिन्छ कोरियामा । रोजगारदाता प्रवासी श्रमिकले गधाले जस्तो काम गर्न सकेन, सधैं उसको बफादार दास जस्तो भएर, नजर झुकाएर हेरेन र कम्मर भाच्चिने गरि ढोगेन भने राम्रो मान्दैनन् । कार्यस्थलमा धम्की, कुटपिट, गाली-गलौच र अनेकन अभद्र व्यवहारको सामना गर्नुपर्ने बाध्यता छ । प्रवासी श्रमिक यौन हिंसाको शिकार हुन, कुटपिट र गाली सहन कोरिया आएको होइन । प्रवासी श्रमिकले कोरियन नागरिकलाई ठेगाना सोधेकै भरमा जेल जानुपर्छ तर, कार्यस्थलमा प्रवासी श्रमिकमाथि कुटपिट, गाली गलौच, दुर्व्यवहार भैरहँदा प्रमाणित गराउन गाह्रो हुन्छ ।

के प्रवासी श्रमिक विदेशी भएकै भएर यसो भएको हो र ? कोरियामा प्रवासी श्रमिकले धार्मिक, जातिय, वर्णीत विभेदको सामना गर्नु परेको छ । कोरियाको सार्वजनिक स्थान या सार्वजनिक यातायातका साधन प्रयोग गर्दा प्रवासी श्रमिकलाई फरक दृस्टिकोणबाट हेर्ने गरिन्छ । प्रवासी श्रमिक पनि कोरियन जस्तै मानिस अनि श्रमिक हुन् । अभद्र व्यवहार गर्दा किन यसको विरुद्धमा कुरा उठाउन सक्दैन त प्रवासी श्रमिक ? प्रवासी श्रमिक कोरियन नागरिक नभएकै कारणले किन भेदभाव भोग्नु परेको होला ? कोरियन सरकारले प्रवासी मजदुरको आवश्यकता परेर ल्याएको भए पनि किन दासको जस्तो व्यवहार गर्छ प्रवासी श्रमिकमाथि ?

सन् १९९४ देखि जसरी औधोगिक प्रशिक्षण प्रणालीका विरुद्ध एकजुट भएर संघर्ष गरी दबाब सृजना गर्दै सन् २००४ मा उक्त प्रणाली हटाउन सफल भएजस्तै प्रवासी श्रमिक स्वयंले आफ्नो अधिकारको बारेमा आवाज उठाएन भने अरु कसैले प्रवासी श्रमिकको अधिकारको निम्ति आवाज उठाउने बाला छैन । चुप लागेर बसेमा आफ्नो अधिकार प्राप्त हुनेवाला छैन । जबसम्म इपिएसमा सुधार भै कार्य अनुमति प्रणाली डब्लुपिएस रुपान्त्रण हुँदैन तबसम्म हामी प्रवासी कोरियामा शोषित पीडित भईनै रहने छौं । त्यसकारण सबै प्रवासी श्रमिक आफ्नो हक अधिकारका निम्ति आफू खुशी कार्यस्थल परिवर्तन गर्न पाउने नियमसहितको डब्लुपियसका लागि र प्रवासी श्रमिकमाथि गरिने विभिन्न भेदभाव अन्तका लागि एकजुट भएर दवाव सिर्जना गर्न नितान्त जरुरी छ ।

**(हाल दक्षिण कोरियामा कार्यरत ओझा एमटियुका महासचिव हुन् ।)**

# कब्जियतबाट कसरी मुक्ति पाउने ?

कब्जियत सामान्य, महत्वपूर्ण तथा बहुप्रचलीत रोग भएता पनि यो रोग कयौं रोगहरुको कारण हो । पूर्वीय स्वास्थ्य विज्ञानमा कब्जियतलाई भवावही रोगहरुको जननी मानीएको छ । कब्जियत हुँदा लामो समयसम्म मल आन्द्रामा नै रही रहने भएकाले आन्द्राभित्रै मल सडेर कुपित हुन पुग्छ । यसरी अनकौ लामो समयसम्म आन्द्रामा मल रहिरहँदा आन्द्राभित्रै विषक्त पदार्थहरु बन्न पुग्छ ।



● डा. हेमराज कोइराला

मल निष्काशनको स्वभाविक आवृतिमा विलम्ब हुनु, नियमित रुपले मल त्याग गर्न नसकी बल प्रयोग गर्नुपर्ने अवस्था आउनु वा दैनिक एकपल्टसम्म पनि कोमल दिशा गर्न नसकिएको अवस्थालाई कब्जियत भनिन्छ । विशेष रोगावस्था जस्तै आन्द्राका घाउ, ट्यूमर, प्यारालाईसिस, मधुमेह, थाइराईडिजम पराकिनसन रोग जस्ता समस्या बाहेक अधिकांश कब्जियतको मूख्य कारण अप्राकृतिक जीवन शैली हो । भोजन, व्यायाम, विश्राम, विचार र भावानात्मक रुपमा असन्तुलीत जीवन नै अप्राकृतिक जीवन हो । भोक लागेको बेला नखाने, भोक भन्दा ज्यादा खाने गरिष्ठ भोजनहरु, मसिनो मिठो, तारे भुटेको, पचाउन कठिन, जङ्कफूड, बट्टाबद्ध र संरक्षित खाद्यान्न प्रायस खाईरहने, सागसब्जी सलाद जस्ता खस्रामोटा, रेसा र चोकरयुक्त खाद्यपदार्थ कम खानाले कब्जियत हुने प्रवल सम्भावाना रहन्छ ।

व्यस्ततम् र भागदौडले भरिएको, तनावपूर्ण जीवन जीउनेहरु, श्रम पछि विश्राम नगर्नेहरु भय, चिन्ता, शोक र उदासिनताका रोगीहरुमा कब्जियत ज्यादा देखिएको छ । व्यायाम र श्रमबाट भाग्नेहरुलाई पनि कब्जियतले छाडेको छैन भने लामो समयसम्म विरेचक औषधि, पेनकिलर, नार्कोटिक्स र दिमागलाई लठ्याउने औषधि खानेहरुमा कब्जियत ज्यादा देखिएको छ ।

## कब्जियतबाट हुने जोखिम

कब्जियत सामान्य, महत्वपूर्ण तथा बहुप्रचलीत रोग भएता पनि यो रोग कयौं रोगहरुको कारण हो । पूर्वीय स्वास्थ्य विज्ञानमा कब्जियतलाई भवावही रोगहरुको जननी मानीएको छ । कब्जियत हुँदा लामो समयसम्म मल आन्द्रामा नै रही रहने भएकाले आन्द्राभित्रै मल सडेर कुपित हुन पुग्छ । यसरी अनकौ लामो समयसम्म आन्द्रामा मल रहिरहँदा आन्द्राभित्रै विषक्त पदार्थहरु बन्न पुग्छ । यी विषात् पदार्थहरु आन्द्राबाटै अवसोषित भएर रगतको माध्यमबाट शरीरको विभिन्न अंगहरुमा पुग्छन् । फलतः अंगहरुमा विषक्तता बढ्न गइ महत्वूर्ण अंगहरुको कार्य क्षमतामा कमी आउँदा अनेक प्रकारका रोगहरु पैदा हुन जान्छन् ।

पूर्वीय स्वास्थ्य विज्ञानहरुको मतअनुसार कब्जियतका कारणले उच्च तथा निम्न रक्तचाप, मधुमेह, मोटोपन, ग्यास्ट्रिक, अल्सर, आन्द्रा तथा पेटको क्यान्सर, इरिटेवल ववेल सिन्ड्राम, एसिडीटी, एपेन्डीसाईटिस, अपच, गुदद्धार खस्नु, डकार आउनु, चाया, पोतो, डण्डीफोर, आउनु, जोर्नी दुख्नु, हड्डी खिइनु, सुन्नीएर विकृत हुनु जस्ता समस्याहरु देखिन्छन् ।

## कसरी गर्ने उपचार ?

विशेष रोगावस्थाका कारणले कब्जियत भएको भए रोगको उचित निधान गरेर रोग निर्मुल पार्नेतिर लागौं । गलत आहार विहार र जीवनशैली भएकाहरुले प्राकृतिक जीवनशैली अपनाउन नितान्तः जरुरी छ । प्राकृतिक उपचार पद्धतिको मुख्य अंग भोजन सुधार हो । भोजन सुधार गर्दा निम्नलिखित तथ्यहरूलाई ध्यान दिनुपर्ने हुन्छ ।

- कब्जियत भएकाहरूले पाचन अंङ्गहरुलाई अधिकतम विश्राम दिनका लागि १६ घण्टे उपवाश विधि अपनाउनु पर्ने हुन्छ । यो उपवाश गर्नका लागि साँझ ६::०० बजे भन्दा पहिल्यै खाना खाएर बिहान १०:०० बजेभन्दा पछाडी मात्र खाना खाने गर्नुपर्दछ ।
- साँझको खानामा अन्नलाई समावेश नगरेर फलफूल, तरकारी र झोलीलो कुरालाई मात्र समाबेश गर्ने गर्दा कब्जियतलाई जीत्न सजिलो हुन्छ । बिहानको नास्ता पुर्व कुभिण्डो वा लौकाको जुस खाने गर्दा यो रोगको लागी अत्यन्त राम्रो गर्दछ ।

बिहानको नास्तामा आफ्नो तौलको एक प्रतिशत जस्तै ७० किलोको मान्छे हो भने उसको लागि ७०० ग्राम, ६० किलोको मान्छे हो भने उसको लागि ६०० ग्राम, मौसम अनुसारको चार किसिमका फलफुलहरु जस्तै मौसम, सुन्तला, नासपाति, खरबुजा, काक्रो, आँप, सरिफा, बेल बेलौती, मेवाका साथै अंकुरित मुंग र मेथीहरु मौसमि तरकारीहरुलाई समावेश गर्ने । मुनन्का र छोगडालाई राति भिजाएर बिहान खाने गर्दा कब्जियत कम गर्न सहयोग गर्दछ ।

ठोस भोजन दिनको एक पल्ट मात्रै लिने गरौ बिहानको भोजनमा रातो चामल वा मकैकोभात, गहुँको वा मकैको पिठोको रोटि, काउली बन्दा तोरई र वेथेको सागको विषेश समायोजन होस् । मास खेसरी बाहेक बोक्रैसँग पकाएको दालले पनि कब्जियतमा फाईदा पुऱ्याउछ । बेलुकाको भोजनमा अन्नको सहभागीता नभएको राम्रो हो । सब्जी तथा तरकारीको सुप वा २५० ग्राम उमालेको तरकारिसँग मोहि मात्र खादा कब्जियतमा राम्रो गर्छ ।

माछा, मासु अन्डा, घ्यू, पनिर, दुध, मख्खन र मैदाबाट बनेका बस्तुहरुमा पहरेज गर्नुपर्छ । चीकु, केरा, अंगुर, लिचि जस्ता फलले कब्जियतमा राम्रो गर्दैन । आलु, पिँडालु, तरुल, सुठुनि, भन्टा, चुकन्दर ओल, राजमा, सेतो चना, मास, भटमास, जस्ता सब्जी तथा दलहन सकभर नखानु नभएपनि बेलुका नखानु ।

अङ्गव्यायम, रिढब्याम, सिथिलीकरण व्यायम, प्रातः भ्रमण, सुर्यनमस्कार, योगआसन तथा प्राणायामको यथाविधि प्रयोगले कब्जियतमा अत्यन्त लाभ पून्याउँदछ । ताडासन, त्रियकताडासन, पवनमुक्तासन, माण्डुक, मत्येन्द्र, भुजांग, उदारकर्स धनुर जस्ता आसनविधि, भस्त्रीका अग्निसार कपालभाति जस्ता श्वासन विधिले कब्जियत निवारणमा अमृत जस्तै काम गर्छ ।

## उपचार विधि

- पेटलाई सफा गर्ने षटकर्म विधिहरू जस्तै एनिमा, कुन्जल, लधु तथा गरु संखप्रक्षालन, पेटको मालिस, माटोको पेडुँपट्टी, कटिस्नान र गणेशक्रिया जस्ता प्राकृतिक उपचार विधि पनि कब्जियत भएकाहरुले अपनाउनु पर्ने हुन्छ ।
- पेटको मांशपेशीहरूलाई प्रभाव तुल्याउने किसिमका उपचार पद्धतिहरू जस्तै तातोको सेकाई, पेटको व्यायाम आदि गर्दा पनि राम्रो लाभ पुऱ्याउदछ ।

कब्जियत आफैमा ठुलो समस्या नभए पनि कयौं रोगहरुको कारण हो । बेलैमा निवारण गरे कब्जियतले ल्याउने विकारल समस्या बाट मुक्त भई सर्वाङ्ग स्वास्थ्य पाउन सकिन्छ ।

# अमेरिकाले उद्धारका लागि गैरसैनिक विमान पनि प्रयोग गर्ने

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानबाट मानिसहरुको उद्धारका लागि गैरसैनिक विमानहरु पनि प्रयोग गरिने अमेरिकाले जनाएको छ। उद्धार अभियानलाई थप तीव्र पार्नका लागि व्यवसायिक जहाजहरु पनि प्रयोग गर्ने तयारी भएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले जनाएको हो। अफगानिस्तानमा अगस्ट १५ मा तालिबान कब्जा गरेपछि हजारौं अफगानीहरु देश छोड्न चाहन्छन्। उनीहरु काबुल विमानस्थलको बाहिर भिडभाडसहित बसेका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले आइतबार दिएको जानकारी अनुसार एक हप्ताकोबिचमा अमेरिकाले अफगानिस्तानबाट २८ हजार मानिसको उद्धार गरेको छ। ह्वाइट हाउसमा भएको पत्रकार सम्मेलनमा राष्ट्रपति बाइडेनले भने, 'पीडा तथा तपाईंहरुले देखिनु रहनु भएका हृदयविदारक दृश्य बिना त्यहाँबाट यति धेरै मानिसहरुको उद्धारको सम्भावना छैन। हामीले अझै लामो यात्रा गर्नु छ र त्यस क्रममा गल्तीहरु हुन सक्छन्।' काबुल विमानस्थल बाहिर हजारौं मानिस भिडभाड गरिरहेका छन्। अहिलेसम्म



भागदौड तथा गोली लागेर कम्तीमा २० जनाको ज्यान गएको छ। केही मानिसको कुचिएर मृत्यु भएको नेटोका अधिकारीले समाचार संस्था रोयटर्सलाई बताएका छन्। विगतका दिनको भन्दा आइतबार काबुल विमानस्थल आसपासको अवस्था केही शान्त देखिएको थियो। बेलायतका सशस्त्र बल सम्बन्धी मन्त्री जेम्स हियापीले काबुलको हामिद कारजाई अन्तर्राष्ट्रिय विमानस्थल बाहिर देश छोड्न चाहनेहरुलाई लामबद्ध भएर बस्न भनेको छ।

बेलायतले अगस्ट १३ यता पाँच हजार ७२५ जनाको उद्धार गरेको रक्षा मन्त्रालयले आइतबार बताएको थियो। काबुलमा अहिले बेलायतका एक हजार भन्दा बढी सुरक्षाकर्मी तैनाथ छन्। आइतबार अमेरिकाको रक्षा मन्त्रालयले सिभिल रिजर्भ एअर फिलिट (सिआरएएफ) सक्रिय पार्ने घोषणा गरेको हो। अफगानिस्तानबाट भइरहेको उद्धारलाई थप सक्रिय बनाउनका लागि यसो गरिएको रक्षा मन्त्रालयले जनाएको छ।

यसले आपतकालमा व्यवसायिक विमानहरुलाई परिचालन गर्न स्वीकृति प्रदान गर्छ। अमेरिकाले यो नियमको प्रयोग सन् २००३ मा इराकमा सैन्य अभियान सुरु गर्नु पूर्व र अभियानको क्रममा तथा सन् १९९०-९१ को खाडी युद्धको क्रममा गरेको थियो। रक्षा मन्त्रालयको वक्तव्य अनुसार अहिले १८ विमानका लागि स्वीकृति प्रदान गरिएको छ। युनाइटेड एअरलायन्सका चार, अमेरिकन एअरलायन्स, एटलस एअर, डेल्टा एअरलायन्स र ओम्नी एअरका तीन-तीन तथा हवाइयन एअरलायन्सका दुई विमानले अफगानिस्तानबाट भइरहेको उद्धार अभियानमा भाग लिने भएका छन्।


## Lamkichuha Municipality
## Office of Municipal Executive
**Bhalka, Kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2078/05/08**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible bidder for the following construction work as shown in table below:

| S.N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS.(Non Refundable) | Estimated Amount RS. (Excluding VAT & Contingencies) |
|---|---|---|---|---|---|
| 1 | 06/LCM/2078/079 | Ward no.1 ka Bibhinna sthanma Road Black Top Works | 347000.00 | 3000.00 | 13859979.74 |
| 2 | 07/LCM/2078/079 | C Tol Pipal Chautara Dekhi B Tol Khalla Ra Buspark Jodne Sathai Anya Road Black Top Works | 252000.00 | 3000.00 | 10081333.64 |
| 3 | 08/LCM/2078/079 | Jhunga Tol Hudai Meghashree Company Jane Ra Anya Road Black Top Works | 232000.00 | 3000.00 | 9297387.11 |
| 4 | 09/LCM/2078/079 | Shree Ra.Na.Ma.Bi. Bidhyalaya Agadi Highway Gate Dekhi South Ra Sere Damai Ko Gharsamma Road Black Top Works | 255000.00 | 3000.00 | 10210892.90 |
| 5 | 10/LCM/2078/079 | Ward no.2 Maili Bazar Dekhi Wada Karyalaya Samma Road Black Top Works | 298000.00 | 3000.00 | 11929179.81 |
| 6 | 11/LCM/2078/079 | Ward no.2 Ko Bibhinna Sthanma Road Black Top Works | 255000.00 | 3000.00 | 10209123.44 |
| 7 | 12/LCM/2078/079 | Ward no.3 Ko Bibhinna Sthanma Road Black Top Works | 270000.00 | 3000.00 | 10785554.36 |
| 8 | 13/LCM/2078/079 | Ward no.4 Ko Bibhinna Sthanma Road Black Top Works | 384500.00 | 3000.00 | 15377004.6 |
| 9 | 14/LCM/2078/079 | Ward no.4 Ko Banki Road Black Top Works | 366000.00 | 3000.00 | 14651615.85 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lamkichuha Municipality, Kailali or may visit PPMO website **www.bolpatra.gov.np/egp.**Tel:091-419046 and email address of employer: **lamkicm@gmail.com**
3. A complete set of Bidding Documents may download for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Municipality as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank, Lamki, Kailali**
   Name of Office: **Lamkichuha Municipality, Kailali**
   Office Account no.: **4450100301010002 (Aantarik Rajaswa Khata)**
4. Electronic bids must be submitted through e-procurement portal **http://www.bolpatra.gov.np/egp** before 2078/06/07 at 12:00 hours Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078/06/07 at 14:00 hours at the office of Lamkichuha Municipality, Kailali. Bids must be validfor a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to be mention above in table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various Construction work mentioned above municipality reserves right to amend, Correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Lamkichuha Municipality, Bhalka, Kailali.
9. Any intimidation, collusion and car telling during bidding process shall be punishable by law.
10. If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## कतारमा रोजगारको अवसर | कम्पनी : AL SAWAED HOSPITALITY
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/१५ चलानी नं.: ६०१६१२८९ LT. No.: 241264

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६१,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 11 | | 1400 | ४५,३७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १५ गते (31 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fine Job Recruitment Pvt.Ltd.**
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
श्रम इजाजत नं. ११८०/०७३/७४
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np



## SAUDI रू QATARमा रोजगार | १. कम्पनी : MATEEN FOOD TRADE COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/१५ चलानी नं.: ६०१६०५०३ LT. No.: 243201 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : TAISEI CORPORATION शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२१ चलानी नं.: ६०१५९७५२ LT. No.: 241995 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 150 | 0 | स. काममा दक्ष | 1000 | ३२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ भदौ १५ गते (31 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## कतारमा रोजगार | कम्पनी : Ramaco Trading & Contracting Co.W.L.L.
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७७/१०/०४ चलानी नं.: ६०१५४१८१ LT. No.: 235486 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 70 | 0 | स. काममा दक्ष | 900 | २९,१६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १५ गते (31 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NASSAR OVERSEAS Pvt. Ltd.**
Gov. Lic. No. 1064/073/074
Battisputali-9, Kathmandu, Nepal, Tel No.: +977-1-4494112, 4494090
Email: info@nassaroverseas.com.np | Website: www.nassaroverseas.com.np



## SAUDI मा रोजगार | कम्पनी: FAISAL IBRAHIM OTHMAN GENERAL CONTRACTING EST
शहर: Al JUBAIL

पूर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८८८९ LT. No.: 240094 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical Technician/ General Maintenance | 2 | 0 | | 1800 | ५६,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १५ गते (31 August 2021) मा हुनेछ

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818587303, 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

# बक्स अफिस समाचार

## नेशनल बक्स अफिस टेलिफिल्म अवार्डको उत्कृष्ट पाँच मनोनयन सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

नेशनल बक्स अफिस टेलिफिल्म अवार्ड २०७८ संस्करणको उत्कृष्ट पाँच मनोनयन सार्वजनिक भएको छ । एपिएफ रंगशाला हलचोकमा एक कार्यक्रमका बीच १६ विधाको मनोनयन सार्वजनिक गरिएको हो ।

चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो मनोनयन कार्यक्रम एन्फाका उपाध्यक्ष सुन्दर थापा क्षेत्रीले नोमिनेशनको प्रमाणपत्र वितरण गरेका थिए । लय संग्रौला, रमेश बुडाथोकी, र सुभाष गजुरेल जुरी रहेको बक्स अफिस टेलिफिल्म अवार्डमा जुठे, कुल खानदान, दृष्टि, भुण्टी, मेरी बास्सै टेलिफिल्म सर्वाधिक बिधामा नोमिनेसनमा परेका छन् ।

यही भाद्र १२ गते काठमाडौंमा ग्राण्ड फाइनल हुने नेशनल बक्स अफिस टेलिफिल्म अवार्ड २०७८ मा आर्थिक वर्ष २०७६/७७ मा टेलिभिजन र युट्युबमा सार्वजनिक भएका कुल ९२ टेलिफिल्म तथा वेबसिरिज सहभागी भएका थिए । नेशनल बक्स अफिस टेलिफिल्म अवार्ड २०७८ उत्कृष्ट ४१ विधामध्ये जुरीले छनोट गरेको १६ विधा अन्तर्गत उत्कृष्ट टेलिफिल्म (सामाजिक)मा बुहारी, भुन्टी , जुठे , कुलखानदान र भाग्य आ-आफ्नो मनोनयन परेका छन् । उत्कृष्ट टेलिफिल्म (हास्य व्यंग्य)मा मेरी बास्सै, सक्किगोनी गाह्रो छ, गोलमाल र उल्टो सुल्टो मनोनयनमा परेका छन् ।

त्यस्तै उत्कृष्ट निर्देशक (सामाजिक)मा




रामचन्द्र बोहरा–बुहारी, सोभित बस्नेत–कुल खानदान, ऋषी लामिछाने-दृष्टि, मरिचमान श्रेष्ठ/राजु पौडेल-जुठे र रमेश कोइराला- भाग्य आ-आफ्नो मनोनयनमा परेका छन् । उत्कृष्ट निर्देशक (हास्य व्यंग्य)मा रवि डंगोल-उल्टो सुल्टो, अर्जुन घिमिरे/कुमार कट्टेल-सक्किगोनी, नेत्र राउत-गोलमाल, मनराज श्रेष्ठ-गाह्रो छ र दमन रुपाखेती-मेरो बास्सै मनोनयनमा परेका छन् ।

यस्तै उत्कृष्ट चरित्र अभिनेतामा नीर शाह-कुलखानदान, अर्जुन घिमिरे-सक्किगोनी, सुरविर पण्डित-मेरी बास्सै, देशभक्त खनाल-बुहारी र शिवहरी पौडेल-खुरापाती मनोनयनमा परेका छन्। उत्कृष्ट चरित्र अभिनेत्रीमा मिथिला शर्मा-दृष्टि, विद्या कार्की-जुठे, पल्पसा डंगोल-मेरी बास्सै, हिउवाला गौतम-बुहारी र सपना श्रेष्ठ- कुल खानदान मनोनयनमा परेका छन् ।

त्यस्तै उत्कृष्ट लेखन (सामाजिक)मा रामकाजी घिमिरे–कुल खानदान, रामचन्द्र वोहरा-बुहारी, मरिचमान/राजु पौडेल-जुठे, सरिता लामिछाने-दृष्टी र मोदनाथ प्रश्रित-मानव मनोनयनमा परेका छन् । उत्कृष्ट लेखन (हास्य व्यंग्य)मा दमन रुपाखेती-मेरी बास्सै, अर्जुन घिमिरे/कुमार कट्टेल–सक्किगोनी, वेगम नेपाली/रियासा दाहाल-गाह्रो छ, नेत्र राउत-गोलमाल र रबि डंगोल-उल्टो सुल्टो मनोनयनमा परेका छन् ।

यस्तै उत्कृष्ट नव निर्देशकमा बुहारी-रामचन्द्र बोहरा, भुन्टी-आशा खड्का, मादलको खीर-किशोर अनुराग, नदेखिएको जिन्दगी-स्वानिका बास्तोला र गोलमाल-नेत्र राउत मनोनयनमा परेका छन् । उत्कृष्ट छायांकारमा बुहारी-पवन भुजेल, जुठे-घनश्याम पोखरेल, कुलखानदान-ज्ञानकुमार कट्टेल, सक्किगोनाी-गोकुल अधिकारी र गोलमाल-राहुल राई मनोनयनमा परेका छन् ।

त्यस्तै उत्कृष्ट सम्पादकमा जुठे-रविन भट्ट, बुहारी-पवन भुजेल, दृष्टि-नविन निरौला, सक्किगोनाी-राजेन्द्र मानन्धर र कुलखानादान-क्यामोद्धिन मिया मनोनयनमा परेका छन् । उत्कृष्ट खलपात्रमा कुलखानदान-अस्मिता जुरेली, जुठे-रवि गिरी, मानव-सुसिल पोखरेल, हर्के हवल्दार-इन्द्रदोङ्ग लामा र भाग्य आ-आफ्नो-पुकार भट्टराई मनोनयनमा परेका छन् ।

यस्तै उत्कृष्ट अभिनेतामा सक्किगोनी-कुमार कट्टेल, मानव-श्याम खड्का, जुठे-मरिचमान श्रेष्ठ, उल्टो सुल्टो-मुकेश हमाल र हर्के हवल्दार-विष्णु सापकोटा मनोनयनमा परेका छन् । उत्कृष्ट अभिनेत्रीमा भुन्टी-आशा खड्का, दृष्टि-सरिता लामिछाने, जुठे–सरिता ढुङ्गाना, बुहारी-अनिता वैजु र गोलमाल-नविना सिलवाल मनोनयनमा परेका छन् । त्यस्तै उत्कृष्ट चर्चित कलाकारमा हर्के हवल्दार-विष्णु सापकोटा, सक्किगोनाी-अर्जुन घिमिरे, गाह्रो छ-वेगम नेपाली (भटभटे), खुरापाती-शिवहरी पौडेल र मेरी बास्सै-सुरविर पण्डित मनोनयनमा परेका छन् । उत्कृष्ट चर्चित महिला कलाकारमा हर्के हवल्दार-शुसिला निरौला (विमली), गाह्रो छ-रियासा दाहाल, गोलमाल-नविना सिलवाल, सक्किगोनी-रक्षा श्रेष्ठ र चुरिफुरी-लक्ष्मी गिरी मनोनयनमा परेका छन् ।

## 'एक्स ९'मा पुष्पको इन्ट्री

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, ७ भदौ

नेपालको सबैभन्दा ठूलो एक्सन-थ्रिलर चलचित्र बन्ने दाबी गरेको 'एक्स ९' मा अहिलेका चर्चित अभिनेता पुष्प खड्काको आगमन भएको छ । आइतबार 'एक्स ९' निर्माण टिम र अभिनेता पुष्पबीच औपचारिकरुपमा सम्झौता भएको हो ।

सम्झौतापछि बोल्दै निर्माण टिमले चलचित्रमा पुष्प एक्सन भूमिकामा प्रस्तुत हुने बताएको छ। यसका लागि पुष्प केही महिना एक्सनको तालिम लिने तयारीमा रहेको जनाएका छन् ।



यसअघि नै अभिनेता सौगात मल्ल र अनमोल केसी चलचित्रमा अनुबन्ध भइसकेका छन्। अभिनेता पुष्पले पहिलोपटक उनीहरुसँग स्क्रिन शेयर गर्नेछन् ।

चलचित्रमा अभिनेता राज कटुवालको पनि अभिनय रहनेछ । केही दिनमा अभिनेता अनुप विक्रम शाहीसँग सम्झौता गर्ने निमार्ण टिमले जनाएको छ । यसलाई हेर्ने हो भने यस चलचित्रमा ठूला र चर्चित कलाकारहरुको सहभागिता उच्च रहेको छ। जसबाट चलचित्र राम्रो बन्ने अनुमान पनि गर्न सकिन्छ ।

आउँदो पुसको तेस्रो सातादेखि क्यानडा, यूरोप र नेपालमा छायांकन हुनेछ । चलचित्रको कथा, निर्देशक भट्ट र किंग योगीले तयार पारेका हुन् । गोल्डेन हिल्स पिक्चरको प्रस्तुतिमा निर्माण हुने चलचित्रमा प्रियंका थापा एकमात्र अभिनेत्री रहनेछिन् । राजिव तामाङ, विरेन कुँवर, सुबोध भट्ट र गोकुल कुँवर निर्माता रहेको फिल्मलाई नेटफ्लिक्समा पनि रिलिज गर्ने योजनामा निर्माण टिम छ ।

सिरिजको रुपमा निर्माण हुने 'एक्स ९' मा भिलेनको भूमिकामा बलिउड स्टारलाई अभिनय गराउने योजना रहेको निर्देशक भट्टले बताएका छन् । निर्देशक भट्टको पहिलो रोजाईका रुपमा अभिनेता सुनिल सेट्टी रहेका छन् तर उनलाई चलचित्रमा अभिनय गराउन महंगो पर्ने भएपछि अर्का अभिनेता सोनु सूदलाई चलचित्रको अफर गरिएको बताए ।

## मेलिना र निशानको 'सालघारीमा'




**काठमाडौं/मस–** गीतकार सन्जिव कोयी राईको शब्द रचनामा गायिका मेलिना राई र गायक निशान भट्टराईले गाएको 'सालघारीमा' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । रोमान्टिक शैलीको म्युजिक भिडियोमा मोडल अञ्जली अधिकारी र विजय पुनले मुख्य अभिनय गरेका छन् । म्युजिक भिडियोको निर्देशन आशिष राईले गरेका छन् भने छायांकन दुर्गा बान्तावा राई र मनोज राईले गरेका हुन् । राजु कार्कीले एरेन्ज गरेको गीतको संगीत दिलीप कोयी राईले गरेका हुन् ।

सार्वजनिक म्युजिक भिडियोका लागि ऋगार सन्जु थलङले गरेकी हुन् भने ड्रोनमा किरण रोक्काले लिएका दृश्यमा रेकर्डिङ, मिक्सिङ र मास्टरिङ एकराज सेम राईले गरेका छन् । वान पिस स्टुडियो काठमाडौंमा रेकडिङ गरिएको भिडियो जनता डिजिडल फ्लिम मार्फत बजारमा ल्याइएको हो । म्युजिक भिडियो प्राविधिक पक्षको सम्पूर्ण इडिटिङ र कलरिङ अमृत चापागाईले गरेका हुन् ।

गीतकार राईका अनुसार यो म्युजिक भिडियो निर्माणका लागि मकाउका नेपाली समुदायको सहयोग रहेको छ । म्युजिक भिडियोका लागि मकाउका युवा व्यवसायी रुस्तम श्रेष्ठले मुख्य प्रायोजन गरेका छन् ।त्यसैगरी नेपाली सहयोगी हातहरु मकाउ, गुरुङ 'तमु' समाज मकाउ, किरात राई यायोक्खा मकाउ, मगर संघ मकाउ, शेर्पा समाज मकाउ, नेपाल आदिबासी जनजाति महासंघ मकाउ, मकाउ तामाङ घेदुङ एशोसियएसन मकाउ, किरात याक्थुम चुम्लुङ मकाउ, एन होप ट्रेडिङ एण्ड ब्राण्ड लिमिटेट, महिला शक्ति समाज सुनसरी नेपाल र कविता राई लगायतले विशेष सहयोग र सह प्रायोजक गरेको गीतकार राईले जानकारी दिए ।

## 'मन कि मन्जरी'मा बलबहादुर र अस्मिताको स्वर

**काठमाडौं/मस–** बलबहादुर राजबंशी र अस्मिता अधिकारीको स्वरमा रहेको गीत 'मन कि मन्जरी' सार्वजनिक भएको छ । बलबहादुरकै संगीत, उदयराज पौडेलको एरेन्ज र रमेश मास्केको शब्द रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

निकेश खड्काको निर्देशन रहेको गीतको भिडियोमा राजकुमार अधिकारी क्षेत्री र गरिमा शर्मालाई फिचरिङ गरिएको छ । बुद्ध थापाको छायांकन रहेको भिडियोमा विकास धमलाको सम्पादन रहेको छ । गीत जति उत्कृष्ट छ गीतको भिडियो पनि त्यतिकै उत्कृट बनेको छ ।

बलबहादुर द भोइस अफ नेपाल सिजन दुईका उत्कृष्ट ९ मा पर्न सफल भएका थिए भने अस्मिता अधिकारी आइडल सिजन दुईको फाइनलिस्ट हुन् । बलबहादुरको यसअघि सार्वजनिक गीत 'जेल पनि सहुँल'लाई




स्रोता/दर्शकले अत्यधिक मन पराएका थिए । 'मेरा अन्य गीत जस्तै यो सार्वजनिक गीतलाई पनि स्रोता/दर्शकले माया गरिदिनेमा आशावादी रहेको छु', बलबहादुरले भने ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०५/०८**

यस कम्पनीको मिति २०७४/०६/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **बि.एण्ड.बी. तयारी पोशाक उद्योग प्रा.लि. (प्रा.लि. दर्ता नं. १६६७४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०३/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पाथीभरा फेशन प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।



### चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०७८।०५।०८)**

यस कार्यालयबाट मिति २०७८।०३।१५ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ SBQ/11/077/078 | Fabrication of steel parts and transportation up to road heads of Chaurajhari (Ward No. 6-12), Rukum (West) for Setigard Bridge | Inter Tech Pvt. Ltd. Butwal | 11,84,834.31 NPR |
| 1 | CJM/GOODS/ SBQ/12/077/078 | Fabrication of steel parts and transportation up to road heads of Chaurajhari (Ward No. 14), Rukum (West) for Sakcha Bridge | Inter Tech Pvt. Ltd. Butwal | 11,76,399.06 NPR |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
भू-वातावरण तथा सामाजिक शाखा

### चिसापानी मंगलसेन सडक (चिसापानी चिल्लेघाट सडक खण्ड) स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०५/८ गते)

सुदुरपश्चिम प्रदेश कैलाली जिल्ला लम्कीचुहा नगरपालिका र मोहन्याल गाउँपालिकामा भू-वातावरण तथा सामाजिक शाखा द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोन नं : ०१-५००५५२० ईमेलः gesunit@dor.gov.np |
| **प्रस्तावको व्यहोरा** | कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं. ३ र मोहन्याल गाउँपालिका वडा नं. ७ मा पर्ने चिसापानी मंगलसेन सडक (चिसापानी चिल्लेघाट सडक खण्ड) को स्तरोन्नति गर्ने (सडक खण्डको फर्मेशन चौडाई ११ मिटर र क्षेत्राधिकार ३० मिटर) |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./गा.पा.** | कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं. ३ र मोहन्याल गाउँपालिका वडा नं. ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगानाः | सम्बन्धित मन्त्रालयको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|---|
| भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोन नं : ०१-५००५५२०<br>ईमेलः gesunit@dor.gov.np | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौँ<br>फोन नं : ०१-४२११७३२<br>फ्याक्स नंः ०१-४२११७२०<br>ईमेलः info@mopit.gov.np<br>वेबसाइटः www.mopit.gov.np | Grid Nepal Design Associates Pvt. Ltd.<br>धोविघाट, ललितपुर<br>सम्पर्कनं.: ०१-५१८८४८४<br>ई-मेलःgridnepal_design@yahoo.com |



### साउदीमा रोजगार
कम्पनी : KHALID HAMOUD AL KHALDI PARTNERS CO.
शहरः Dammam

पुर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७२९ L.T. No.: 244093

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १५ गते (31 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-समित म्यानपावर प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
ISO 9001 certified company
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com

# नेपाली क्रिकेट टिमको जर्सी सार्वजनिक

**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, ७ भदौ

नेपाली राष्ट्रिय क्रिकेट टिमको नयाँ जर्सी सार्वजनिक गरिएको छ। नेपाल क्रिकेट संघ क्यानका कोषाध्यक्ष रोशन कुमार सिंह र नेपाली राष्ट्रिय क्रिकेट टिमको मुख्य प्रायोजक माई सेकेन्ड टिचरका सह मालिक सुलभ बुढाथोकीले सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच जर्सी सार्वजनिक गरेका हुन्। नेपाली टिमको जर्सी पहिलो पटक खुल्ला प्रतिस्पर्धाबाट छनोट गरिएको हो। ५०० बढी डिजाइन प्राप्त भएकोमा आदर्श पोखरेलले तयार पारेको जर्सीलाई छनोट गरिएको हो। यसअघि नै स्पेन टुरका बेला जर्सी सार्वजनिक गर्ने भनिए पनि उक्त सिरिज स्थगित भए पछि जर्सी सार्वजनिक गर्ने कार्यक्रम पनि स्थगित भएको थियो। नेपाली क्रिकेट टिम मंगलबार ओमान र अमेरिकासँगको त्रिकोणात्मक सिरिजका लागि जाँदै छ। ओमान टुरमा यो जर्सी नेपाली टिमले प्रयोग गर्ने छ। गत बैशाखमा आयोजना भएको नेदरल्यान्ड्स र मलेसियासँग टि२० त्रिकोणात्मक सिरिजमा नेपाली टोलीले नयाँ जर्सी प्रयोग गरेको थियो। तर, त्यतिबेला प्रयोग गरेको जर्सीमा चौतर्फी




आलोचना भए पछि जर्सी प्रायोजक खोज्ने जिम्मा पाएको एड प्याडले खुल्ला प्रतिस्पर्धाबाट जर्सीको पुनः डिजाइनका लागि प्रस्ताव माग गरेको थियो। क्यानसँग मिलेर गरिएको प्रस्तावमा ५०० बढी प्रस्ताव आएकोमा यसबाट एउटा छनोट गरिएको छनोट समितिका सदस्य आशिष सिग्देलले जानकारी दिए।

कार्यक्रममा माइसेकेन्ड टिचरका सहमालिक बुढाथोकीले पहिलो पटक यसरी जर्सी छनोट गर्न पाउँदा खुसी लागेको बताए।

यसैगरी डिजाइनर पोखरेलले नेपाली कला संस्कृति र नेपाली क्रिकेटको इतिहासलाई जर्सीमा उतारेको बताए। जर्सीमा रातो र निलो रङ्ग प्रयोग भएको छ। सगरमाथा पनि रहेको छ। छनोट समितिका संयोजक रहेका क्यानका सदस्य छुम्बी लामाले डिजाइन राम्रो रहेको र यसले समग्र नेपालीको भावना समेट्ने विश्वास व्यक्त गरे। कार्यक्रममा डिजाइनर पोखरेल नगद एक लाख रुपैयाँबाट पुरस्कृत पनि भए।

जर्सी डिजाइनका छनोट समितिका क्यान म्यानेजर विनोद दास, जनरल म्यानेजर रौनक मल्ल, क्यानका केन्द्रिय सदस्य छुम्बी लामा र एक प्रायोजक प्रतिनिधि रहेका थिए। आदर्श पोखरेलले डिजाइन गरेको जर्सी छनोट भएको क्यानले जनाएको छ। आइसिसी विश्वकप लिग २ अन्तर्गत नेपालले ओमान र अमेरिकासँग त्रिकोणात्मक एक दिवसीय सिरिज सेप्टेम्बर १३ देखि २० सम्म खेल्ने छ। त्यसअघि पपुवा न्युगिनीसँग दुई वटा एक दिवसीय क्रिकेट पनि खेल्ने छ। यो खेल सेप्टेम्बर पाँच र आठ तारिखमा हुने छ।

# अफगानिस्तान क्रिकेट बोर्डको अध्यक्षमा फाजली



**काठमाडौं/एजेन्सी**– अफगानिस्तान क्रिकेट बोर्डले अजीजुल्लाह फाजलीलाई अध्यक्षमा नियुक्त गरेको छ। बोर्डले आइतबार तालिबानले सत्ता आफ्नो हातमा पारेसँगै क्रिकेट विकासकोलागि फाजलीलाई अध्यक्ष नियुक्त गर्दै पहिलो कदम चालेको जनाएको छ।

बोर्डले फाजलीको नेतृत्वमा अफगानी टोलीले पाकिस्तान र श्रीलंकासँग सिरिज खेल्ने जनाएको छ। फाजली दोस्रो पटक अफगानिस्तान क्रिकेट बोर्डको अध्यक्ष चयन भएका हुन्।

फाजलीले यसअघि अफगानिस्तान क्रिकेट बोर्डमा २०१८ देखि १९ सम्म करिब दुई दशक काम गरेका थिए। उनले आफ्नो कार्यकाल अवधिभर प्रत्येक समूहका खेलाडीलाई राष्ट्रमा स्थापित गर्ने काम गरेका थिए। यस्तै उनले उपाध्यक्षको रुपमा पनि अफगानिस्तान क्रिकेट बोर्डमा रहिसकेका छन्।

# शाकिरी लियोनमा अनुबन्धित




**काठमाडौं/एजेन्सी**– स्विट्जरल्यान्डका मिडफिल्डर जद्रान शाकिरी फ्रेन्च क्लब लियोनमा अनुबन्धित भएका छन्। लियोनले शाकिरीलाई लियोनमा अनुबन्ध गर्न इंग्लिस क्लब लिभरपुलसँग सहमति भएको जनाएको छ। शाकिरीलाई लियोनले ९.५ मिलियन पाउण्डमा अनुबन्ध गर्ने बताईएको छ। उनको मेडिकल परिक्षणपछि औपचारिक सम्झौता गरिने लियोनले जनाएको छ।

शाकिरी सन् २०१८ मा स्टोक सिटीबाट लिभरपुल आएका थिए। उनले अगष्ट १२ मा वेष्ट ह्याम युनाईटेड विरुद्धको खेलबाट लिभरपुलको टिममा डेब्यु गरेका थिए। उनले लिभरपुलका लागि ६३ खेलमा आठ गोल गरेका छन्। २९ वर्षीय मिडफिल्डर शाकिरीले स्विट्जरल्यान्डका लागि भने ९६ खेलमा २६ गोल गरेका छन्। यस्तै, शाकिरीले युरोकप २०२० मा ५ खेलमा ३ गोल गरिसकेका छन्।

# ला लिगामा एट्लेटिको मड्रिड शीर्ष स्थानमा

**काठमाडौं/एजेन्सी**– साबिकको विजेता एट्लेटिको मड्रिडले स्पेनिस ला लिगा फुटबलमा लगातार दोस्रो जित निकालेको छ। आइतबार घरेलु मैदानमा भएको खेलमा एट्लेटिको मड्रिडले १-० गोल अन्तरले पराजित गर्दै नयाँ सिजनमा लगातार दोस्रो जित निकालेको हो।

एट्लेटिको मड्रिडलाई जित दिलाउन एन्जल कोर्रियाले निर्णायक गोल गरे। उनले खेलको ३९ औं मिनेटमा गोल गरेका थिए। निकै प्रतिस्पर्धात्मक बनेको खेलको सातौं मिनेटमा सउल निग्वेजको प्रहार पोस्ट नजिकैबाट बाहिरिएको थियो।

भने ३९औं मिनेटमा रोड्रिगो डि पउलको पासमा एन्जल कोरेआले गोल गर्दै एट्लेटिकोलाई १-० ले अघि बढाए। पहिलो हाफको इन्ज्युरी समयमा थप गरिएको दोस्रो मिनेटमा लुकास बोएको प्रहार क्रसबारमा लाग्दै बाहिरियो। त्यसपछि दुवै टोलीबाट गोल गर्न नसकेपछि एन्जल कोरेआको गोल नै निर्णायक बन्यो। यस जितसँगै एट्लेटिकोले २ खेलबाट ६ अंक जोडेको छ। यसअघि भएको पहिलो खेलमा एट्लेटिकोले सेल्टा डि भिगोलाई पराजित गरेको थियो। लगातार दोस्रो जितसँगै एट्लेटिकोले ६ अंक जोडेर शीर्षस्थानमा उक्लिएको छ। ४ अंक जोडेको रियल म्याड्रिड, बार्सिलोना, मलोर्का र भ्यालेन्सिया शीर्ष पाँचमा रहेका छन्। इल्चे १ अंक जोड्दै १६औं स्थानमा रहेको छ। आइतबार राति नै भएको अर्को खेलमा साविकको उपविजेता रियल म्याड्रिडले लेभान्टेसँग ३-३ गोलको बराबरी खेल्दै अंक बाँडेको छ। यस्तै रियल सोसिडाडले रायो भालेकानोलाई १-० ले पराजित गरेको छ।

**तु-आवश्यकता**

**एक प्रतिष्ठित मेनपावर कम्पनीको लागि**

**Documentation - 2(F)**

**आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा तलको ठेगानामा इमेल गर्नुहोला। साथै सम्बन्धित काममा कम्तीमा २-३ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ।**

Email:
officepleasure99@gmail.com

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**
**स्थापना : २०७३**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०७८।०५।०८)**

यस नगरपालिकाबाट मिति २०७८/०४/२१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा तपशिल कार्यको लागि प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हानको सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र मध्ये तल उल्लिखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्यालय | कार्य विवरण | छनौट भएको दर भाउपत्र दाताको नाम, ठेगाना | कबोल रकम (रु.) भ्याट सहित |
|---|---|---|---|---|---|
| १ | ०१/KM/sq goods २०७८-७९ | कावासोती नगर कार्यपालिकाको कार्यालय | आ.व. ०७८/०७९ ट्रान्सफर्मर खरिद | काश्यप निर्माण सेवा एण्ड सप्लायर्स | ८,१२,५२६.५०/- |

**प्रमुख प्रशासकिय अधिकृत**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भेरी अस्पताल

नेपालगञ्ज, बाँके

## बोलपत्र आवहान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/०८ गते)

यस अस्पतालका लागी आवश्यक पर्ने औषधी, सर्जिकल तथा ल्याबका सामाग्रीहरू बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरूले रितपूर्वकको बोलपत्र तपसिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै, बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी (सूचनाका शर्तहरू) बोलपत्रसाथ संलग्न राखिएको ब्यहोरा जानकारी गराईन्छ।

शर्तहरू:

१. आ.व. ०७८/०७९ को लागि मान्य नविकरण भएको इजाजतपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणापत्रहरू, मू.अ.कर दर्ता प्रमाण-पत्र वा स्थायी लेखा दर्ता प्रमाणपत्र साथै आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।
२. बोलपत्र खरिद तथा पेश गर्नको लागी तपसिल बमोजिमको बोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा राष्ट्रिय बाणिज्य बैंकको राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३७०००५७०२ मा नगद दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्नेछ।
३. बोलपत्र पेश गर्दा जमानत वापत तपसिलमा उल्लेखित रकम को.ले.नि.का. बाँकेको राष्ट्रिय बाणिज्य बैंक नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं. ४१३०१००१०२०३०००० (जम्मा गर्न पठाउने कार्यालयको कार्यालय कोड ३७०००५७०२ लेखी) रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १२० (एक सय बिस) दिन म्याद भएको (क) बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडबण्ड पेश गर्नुपर्नेछ।
४. बोलपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र सार्वजनिक खरिद अनुमगन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
५. बोलपत्रदाताले कबोल गर्ने प्रत्येक आइटमको दररेटलाई (मू.अ.कर. बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइनेछ।
६. अस्पताल सञ्चालनको लागी आपूर्ती गरिने औषधी, सर्जिकल्स तथा ल्याबका सामग्रीको **Expiry Date** कम्तीमा १८ महिना बाँकी भएको हुनुपर्नेछ तथा **WHO GMP** मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आइटमवाइज रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार अस्पतालमा सुरक्षित रहने छ र कम्तीमा पनि ५ वटा आइटम परेका बोलपत्रदातालाइ मूल्याकंन गरि स्वीकृति गरिनेछ।
८. बोलपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको स्वयंघोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयंघोषणा सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।
९. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन। एक फर्म वा सस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट बुझाउन पाइने छैन।
१०. बोलपत्रको BOQ को प्रत्येक पानामा फर्मको छाप साथै आधिकारिक ब्यक्तिको दस्तखत भएको हुनुपर्नेछ।
११. गैरस्थानीय बोलपत्रदाताले स्थानीय एजेन्टको ब्यवस्था उल्लेख गर्नुपर्नेछ। साथै, बोलपत्रदाताले आधिकारिक इमेल, फोन नं.र मोबाईल नं. पेश गर्नु पर्नेछ।
१२. **Upload** भएका बोलपत्रहरू तपसिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट क्रमशः उक्त कार्य हुनेछ।
१३. बोलपत्र मूल्यांकन गर्दा अस्पतालले आवश्यक ठानेमा नमूना सामान माग गरि सोको आधारमा मूल्यांकन गर्न सक्नेछ।
१४. बोलपत्रदाताले कबोल गरेको सामान तोकिएको परिमाण तथा मापदण्ड अुनसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख गरिएको मूल्यभन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाँकी रकमबाट असुलउपर गरिनेछ।
१५. सम्झौता गरी सामानहरू सप्लाइ नगर्ने फर्मलाइ नियमानुसार कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ।
१६. यसमा छुट हुन गएका अन्य कुराहरूको सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) हुनेछ।

तपसिलः

| सि.न. | ठेक्का/ सूचना नं. | विवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने मिति र समय | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १. | BH/MED /05/078/79 | औषधी तथा औषधीजन्य सामानआपूर्ति कार्य | रू.२१७०००/- | ३०००/- | २०७८/०६/०६ गते ५:०० बजेभित्र | २०७८/०६/०७गते १२:०० बजेभित्र | २०७८/०६/०७ गते २:०० बजे |
| २. | BH/SURG/06/ 078/79 | सर्जिकल सामान आपूर्ति कार्य | रू.५७९४१०/- | ५०००/- | २०७८/०६/०६गते ५:०० बजेभित्र | २०७८/०६/०७गते १२:०० बजेभित्र | २०७८/०६/०७ गते २:०० बजे |
| ३. | BH/LABS/07/ 078/79 | ल्याबका सामान आपूर्ति कार्य | रू.२८७०००/- | ३०००/- | २०७८/०६/०६गते ५:०० बजेभित्र | २०७८/०६/०७गते १२:०० बजेभित्र | २०७८/०६/०७गते २:०० बजे |

नि. मेडिकल सुपरिन्टेन्डेण्ट



न्युरो बेच्न बसेका बालिका

*डोटीको पूर्वीचौकी गाउँपालिकाको चौखुट्टे बजारनजिक खोलाबाट टिपेर ल्याएको न्युरो बिक्रीका लागि बसेका बालिका । तस्वीर : विमलबहादुर विष्ट/रासस*

# फेरि बढ्यो पेट्रोल र एलपी ग्यासको मूल्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ ।



नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ । निगमले सोमबार राति १२ बजेपछि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य बढाएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए ।

निगमले पेट्रोल, डिजेल, मट्टितेल, खाना पकाउने ग्यास (एलपी) तथा हवाई इन्धनको मूल्य बढाएको हो । निगमका अनुसार पेट्रोल, डिजेल, मट्टितेलको मूल्य प्रतिलिटर २ रुपैयाँका दरले बढाइएको छ ।

अब पेट्रोल प्रतिलिटर १३० रुपैयाँ, डिजेल तथा मटितेल ११३ रुपैयाँ र हवाई इन्धन ८६ रुपैयाँ कामय भएको निगमका प्रवक्ता उपाध्यायले जानकारी दिए । एलपी ग्यास प्रति सिलिण्डर २५ रुपैयाँ बढाएर १ हजार ४५० कायम गरिएको निगमले जनाएको छ । निगमले हवाई इन्धनमा आन्तरिकतर्फको मूल्य पनि प्रतिलिटर २ रुपैयाँले बढाएको छ । हवाई इन्धन अन्तर्राष्ट्रिय उडानमा प्रति किलोलिटर अमेरिकी डलर १६ ले वृद्धि गरी नयाँ विक्री मूल्य अमेरिकी डलर ७७० प्रति किलोलिटर कायम गरिएको छ । इण्डियन आयल कर्पेरेसनबाट प्राप्त मूल्य सूचीअनुसार निगमले पेट्रोलियम पदार्थको स्वचालित मूल्य समायोजन गरिएको बताएको छ । गत असार ३० गते पनि निगमले मूल्य बढाएको थियो । मूल्य समायोजन पछि पनि निगमलाई पेट्रोलमा प्रति लिटर ८.४२ रुपैयाँ, डिजेलमा प्रति लिटर २.६४ रुपैयाँ तथा एलपी ग्याँसमा प्रति सिलिण्डर ४२०.७५ रुपैयाँ घाटा रहने निगमले बताएको छ ।

महालेखाको प्रतिवेदन

# सरकारको ऋण बढेको बढ्यै, बाह्य ऋण ५६ प्रतिशतले वृद्धि




**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

सरकारको कुल सार्वजनिक ऋण १४ खर्ब रुपैयाँ पुगेको छ । महालेखा परीक्षकको कार्यालयले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार सरकारको कुल ऋण १४ खर्ब १९ अर्ब ८७ करोड रुपैयाँ पुगेको हो । जुन आर्थिक वर्ष २०७७ को असार मसान्तसम्मको मात्रै तथ्यांक हो । महालेखाका अनुसार कुल ऋणमध्येबाट ८ खर्ब ६ अर्ब १४ करोड रुपैयाँ बाह्य र ६ खर्ब १३ अर्ब ७३ करोड रुपैयाँ आन्तरिक ऋण रहेको छ । सरकारको बाह्य ऋण ५६.५३ प्रतिशतले बढेको छ भने ४३.२३ प्रतिशत आन्तरिक ऋण बढेको छ ।

**बेरुजु अस्वभाविक**

आर्थिक वर्ष २०७६/०७७ सम्म सरकारको बेरुजु रकम ४ खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ । सो प्रतिवेदनका अनुसार सो बेरुजु रकम देखिएको हो । सो प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा मात्रै १ खर्ब ४ अर्ब ३८ करोड रुपैयाँ बेरुजु देखिएको हो । प्रतिवेदनका अनुसार संघीय कार्यालयको ४४ अर्ब ३९ करोड २१ लाख, प्रदेशको ६ करोड ४९ लाख र स्थानीय तहको ४० करोड ८३ लाख रुपैयाँ बेरुजु भएको हो । यस्तै, विभिन्न समिति तथा संघ संस्थाको बेरुजु रकम १२ अर्ब ६५ करोड ७८ लाख रुपैयाँ रहेको देखिएको हो ।

## नापतौल विभागद्वारा मनपरी खर्च




नेपाल गुणस्तर तथा नापतौल विभागले नेपाल सरकारबाट वैदेशिक अनुदानको रकम स्वीकृति नलिइ जथाभावी खर्च गरेको छ । विभागका महानिर्देशक विश्वबाबु पुडाशैनीले विभागअन्तर्गत राष्ट्रसंघीय ओजोन कार्यक्रम सञ्चालन सम्बन्धित तालुक निकायबाट स्वीकृति नगराएर लामो समयदेखि कार्यक्रम सञ्चालन गरेको थियो । सो कार्यक्रममा खर्च भएको रकमलाई महालेखाको प्रतिवेदनमा बेरुजु देखिएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृति नगराएर विदेशी अनुदानको ओजोन कार्यक्रम सञ्चालन गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । विगत सात/आठ वर्षदेखि महानिर्देशकसमेत रहेका पुडाशैनीले २०७४ सालदेखि ओजोनतर्फ तलब, इन्धन, वर्कसप र अध्ययन तथा आर्जन दिवसलगायतका शीर्षकमा स्वीकृतिविना खर्च गरेको बताइएको छ । विभागले ओजोन कार्यक्रमका लागि २०७४ मा रु ७१ लाख २६ हजार २०७५ मा रु ५८ लाख ८९ हजार र २०७७ मा रु ५८ लाख ८९ हजार खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । महालेखाले तालुक निकायबाट स्वीकृत नभएका कारण औँल्याएको छ । उता विभागको लेखा शाखाले पनि आव २०७७/०७८ मा ओजोन तह कार्यक्रम सञ्चालन गरेको तर स्वीकृत नभएको जनाएको छ । नेपाल सरकारलाई प्राथमिक वैदेशिक सहायता रकम राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गरी स्वीकृत कार्यक्रमअनुरुप सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था छ । आन्तरिक र अन्तिम लेखा परीक्षण गर्ने निकायबाट नियमानुसार कार्यक्रम स्वीकृत नगरी खर्च गरेको भनी विगतका वर्षदेखि वार्षिकरुपमा कूल वार्षिक खर्च रकम नै बेरुजु कायम गरिएको तथ्य अभिलेखबाट पुष्टि भइसकेको विभागको लेखा शाखाले जनाएको छ ।

## संक्षिप्तमा अर्थ

### राष्ट्रिय बीमा संस्थानले बोलायो एजीएम




**काठमाडौं/मस-** राष्ट्रिय बीमा संस्थानले भदौ २६ गते वार्षिक साधारण सभा (एजीएम) आव्हान गरेको छ । संस्थानले आफ्नो ३१औं वार्षिक साधारण सभा सो दिन दिउँसो २ बजे काठमाडौंको रामशाहपथस्थित प्रधान कार्यालयमा बोलाएको हो ।

सभाले गत १२ वटा आर्थिक वर्षदेखिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै छ । कम्पनीका सञ्चालक समितिको तर्फबाट संस्थानका अध्यक्षले आर्थिक वर्ष २०६६/६७, २०६७/६८ र २०६८/६९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने छन् ।

त्यस्तै, सभाले सोही तीन आवको लेखा परीक्षण भएको लेखा परीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्नेछ ।

त्यसैगरी, सभाले आर्थिक वर्ष २०७२/७३, २०७३/७४ र २०७४/७५ को लेखापरीक्षक सीए नन्दकिशोर शर्मा र सीए केशवप्रसाद न्यौपानेको संयुक्त नियुक्ति तथा प्रारिश्रमिक अनुमादेन गर्नेछ । उक्त सभामा जाने प्रयोजनको लागि संस्थाको भदौ ६ गतेदेखि भदौ २६ गतेसम्म बुक क्लोज हुने छ ।

### मानुषिको आइपीओ बाँडफाँड, ९८.४७ प्रतिशतको हात खाली

**काठमाडौं/मस-** मानुषि लघुवित्त वित्तीय संस्थाको आइपीओ बाँडफाँड भएको छ । बिकी प्रबन्धक नेपाल एसबिआई मर्चेन्टले आज सोमबार बिहान आईपिओ बाँडफाँड गरेको हो ।

आईपिओमा मागभन्दा बढी आवेदन परेकोले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका अनुसार गोलाप्रथाबाट १० कित्ताको दरले शेयर वितरण भएको हो । गोलाप्रथाबाट भाग्यमानी ३६ हजार ८५९ जनाले मात्रै १० कित्ता शेयर पाएका छन् भने भाग्यमानी ३ जनाले थप एक कित्ता अर्थात ११ कित्ता शेयर पाएका छन् । यस हिसाबमा आवेदन दिएका मध्ये २३ लाख २४ हजार बढी आवेदक हात खाली भएका छन् ।

कम्पनीले साउन २७ गतेदेखि आईपिओ बिक्रि खुला गरेको हो । कम्पनीले ३ करोड ९३ लाख ७५



हजार बराबरको ३ लाख ९३ हजार ७ सय ५० कित्ता शेयर निष्काशन गरेको हो । जस मध्ये जारी पुँजीको ०.५ प्रतिशतले हुन आउने ५४६९ कित्ता कर्मचारीलाई र जारी पुंजीको ५ प्रतिशतले हुन आउने १९ हजार ६ सय ८८ कित्ता शेयर सामूहिक लगानी कोषको लागि छुट्याईएको थियो । बाँकि रहेको ३ लाख ६८ हजार ५ सय ९३ कित्ताको लागि सर्वसाधारणले आवेदन दिएका हुन् ।

कम्पनीले बैशाख १३ गते शेयर निष्काशनको अनुमति माग गर्दै बोर्डमा आवेदन दिएकोमा असार ३१ गते शेयर निष्काशनको लागि अनुमति पाएको थियो ।

### इन्फिनिटी लघुवित्तको एकीकृत कारोबार सुरु

**काठमाडौं/मस-** इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरी एकीकृत कारोबार सुरु गरेको छ । एकीकृत कारोबारसम्बन्धी औपचारिक



कार्यक्रम नवलपुरको गैंडाकोटमा भएको हो ।

इन्फिनिटी लघुवित्तका सञ्चालक तथा संयुक्त मर्जर समितिका संयोजक बलराम विष्ट र साविक नेपाल एग्रो लघुवित्तका अध्यक्ष रमेश कुमार कर्मचार्यले संयुक्त रुपमा भर्चुअल माध्यमबाट एकिकृत कारोबारको सुरुवात गरेका हुन् । कार्यक्रममा संचालक बलराम विष्टले यस प्राप्ति पश्चात इन्फिनिटी लघुवित्त वित्तीय संस्था पनि बजारमा प्रतिस्पर्धा गर्न सक्ने एक सबल तथा सक्षम वित्तीय संस्थाको रुपमा अगाडि बढ्ने बताए ।

एकीकृत कारोबार पश्चात संस्थाको पुँजी रु. ३२ करोड ४६ लाख, सेवा पुगेको जिल्ला ३९, शाखा संख्या ८५, कर्मचारी संख्या ३४२, सदस्य संख्या ७४ हजार, निक्षेप रु. १ अर्ब १५ करोड, कर्जा रकम रु. ४ अर्ब १४ करोड भन्दा बढी भएको कम्पनीले जनाएको छ ।

यी २ कम्पनीलाई नेपाल राष्ट्र बैंकले साउन १५ गते मर्जरको लागि अन्तिम स्वीकृति दिएको थियो भने कम्पनी रजिष्ट्रारको कार्यालयले साउन २२ गते अन्तिम स्वीकृति दिएको थियो । नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० (एक सय) कित्ता शेयरलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको ९८ (अन्ठानब्बे) कित्ता शेयर (१:०.९८) दिने गरी शेयर मूल्य अनुपात स्वाप रेसियो कायम भएको छ ।

### कर्णालीका कृषकले सेञ्चुरीबाट सस्तोमा कर्जा पाउने

**कर्णाली/मस-** ब्याजमा अनुदान कार्यक्रम कार्यान्वयका लागि कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सेञ्चुरी कमर्सियल बैंकबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । बैंकले कर्णालीका व्यावसायिक कृषकलाई कर्जा दिने र मन्त्रालयले ब्याजमा अनुदान दिन गरी दुवै पक्षबीच समझदारी पत्रमा हस्ताक्षर गरिएको हो । कृषि मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्र र सेञ्चुरी बैंकका कृषि तथा विपन्न वर्ग कर्जा विभागका प्रबन्धक प्रवीनकुमार दाहालले शुक्रबार समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् ।

मन्त्रालयको 'व्यावसायिक कृषि तथा पशुपालन व्यवसायका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६' अनुसार कृषि कर्जामा ब्याज अनुदान दिन चालु आव ०७८/०७९ मा बजेट विनियोजन गरिएसँगै बैंकसँग समझदारी गरिएको मन्त्रालयका सचिव डा मिश्रले जानकारी दिए । ब्याजमा अनुदान दिन प्रदेश सरकारले १० करोड बजेट विनियोजन गरेको उनले बताए ।

CENTURY BANK
सेञ्चुरी बैंक

'बैंकले मापदण्ड पूरा गरेर आएका व्यावसायिक कृषक तथा समुहलाई पाँच लाखदेखि एक करोडसम्म कर्जा प्रवाह गर्नेछ', उनले भने, 'प्रदेश सरकारले कर्जा लिने सबै कृषक व्यवसायीको वार्षिक ब्याजमा सात प्रतिशत अनुदान दिनेछ भने २.५ व्यवसायी आफैंले तिर्नुपर्नेछ ।' यसअघि कृषि विकास, राष्ट्रिय वाणिज्य, ग्लोबल आइएमई र नेपाल बैंकसँग सम्झौता भएर ४७ करोडको ऋण (कर्जा) प्रवाह भइसकेको उनले बताए । गत आव २०७७/०७८ मा प्रदेश सरकारले ८० लाख व्यवसायीलाई ब्याजमा अनुदान दिएको सचिव डा मिश्रले जनाए । समझदारी भएअनुसार मन्त्रालय र बैंकका प्रदेश तथा जिल्ला कार्यालयमार्फत कृषक एवं कृषि व्यवसायीलाई प्रवाह गरिने कर्जामा कार्यविधिले तोकेबमोजिम ब्याजमा अनुदान प्रदान गरिने उनले बताए । उनका अनुसार प्रदेशमा व्यावसायिक किसानलाई ब्याजमा अनुदान कार्यक्रम सञ्चालन गरी व्यावसायिक कृषि तथा पशुपालन र सोसम्बन्धी व्यवसाय विकासमार्फत कृषकको रोजगारी वृद्धि गर्दै उनीहरुको जीवनस्तर सुधार गर्ने उद्देश्यले मन्त्रालयले 'व्यावसायिक कृषि तथा पशुपालन व्यवसायका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६' लागु गरेको हो ।

## कालिका लघुवित्तको प्रवन्ध सञ्चालकमा प्रधान

**काठमाडौं/मस-** कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडकोको प्रवन्ध सञ्चालकमा केशवनारायण प्रधान नियुक्त भएका छन् । ३ दशक बैङ्किङ क्षेत्रको अनुभव सँगालेका प्रधान राष्ट्रिय बाणिज्य बैंकको प्रवन्धक पदबाट सेवा निवृत्त हुन् ।

हालै सम्पन्न कालिका लघुवित्तको सञ्चालक समितिको बैठकले प्रधानलाई प्रवन्ध सञ्चालकमा नियुक्त गरेको हो ।

संस्थाको हालको निक्षेप १ अर्ब १६ करोड, कर्जातर्फ ३ अर्ब र गत आर्थिक वर्षको नाफा ५ करोड ५२ लाख रहेकोमा यस आर्थिक वर्षमा वृद्धि निक्षेप १ अर्ब ६९ करोड, कर्जातर्फ ४ अर्ब २७ करोड र खुद नाफा ९ करोड ५३ लाख पुऱ्याउने लक्ष्य रहेको प्रधानले बताए ।

यसअघि कालिका लघुवित्तमै वरिष्ठ प्रबन्धकका रुपमा कार्य गरेका प्रधान २०७८ बैशाख ७ गते सम्पन्न संस्थाको वार्षिक साधारणसभाबाट सर्वसाधारण सेयरधनीहरुको प्रतिनिधित्व गर्दै सञ्चालक पदमा निर्वाचित भएका थिए ।

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

मध्यान्ह
राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**